सुशासन    समृद्धि    सामाजिक न्याय

# निर्वाचन प्रतिवद्धता-पत्र

**प्रत्यक्ष तर्फ**
चुनाव चिन्ह

**समानुपातिक तर्फ**
चुनाव चिन्ह

## उज्यालो नेपाल पार्टी

केन्द्रीय प्रचार-प्रसार समिति
उज्यालो घर, त्रिपुरेश्वर, काठमाडौं, नेपाल

फागुन २०८२

# निर्वाचन प्रतिवद्धता–पत्र २०८२

## कार्यकारी सारांश

**आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरू,**

उज्यालो नेपाल पार्टी मुलुकमा सुशासन, समृद्धि र सामाजिक न्यायको लागि स्थापित पार्टी हो । यो पार्टीले आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि यो प्रतिबद्धता पत्र तयार पारेको छ। यस प्रतिबद्धता पत्रमा संविधान, शासन प्रणाली र राज्य संरचनालाई नागरिकमैत्री बनाउने, भ्रष्टाचारप्रति शून्य सहनशीलता कायम गर्ने प्रतिबद्धता गरिएको छ। साथै, अर्थतन्त्रलाई उत्पादनमुखी बनाउँदै रोजगारी विस्तार गर्ने स्पष्ट रोडम्याप प्रस्तुत गरिएको छ।

सुशासनतर्फ सार्वजनिक सेवा समयमै पाउने अधिकार सुनिश्चित गर्ने, प्रशासनलाई डिजिटल, पारदर्शी र जवाफदेही बनाउने, तथा सार्वजनिक पदाधिकारी र कर्मचारीको वार्षिक अनलाइन सम्पत्ति विवरण बुझाउने र सार्वजनिक गर्ने व्यवस्था अघि सारिएको छ। शासन खर्च घटाउन प्रतिनिधिसभा सदस्य संख्या २७५ बाट २०१ र प्रदेशसभा ५५० बाट ३३० मा कटौती गर्ने, सङ्घीय मन्त्रालय १५ र प्रदेश मन्त्रालय ५ देखि ७ मा सीमित गर्ने, र राज्यमन्त्री तथा सहायकमन्त्री नराख्ने प्रस्ताव गरिएको छ। प्रदेशमा स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको अवधारणासमेत समेटिएको छ। साथै सरकार गठन भएपछि हरेक वर्ष प्रतिबद्धता कार्यान्वयनको प्रगति **रिपोर्ट कार्ड** सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

समृद्धितर्फ स्वदेशी पूँजी परिचालन गर्दै निजी क्षेत्र, सहकारी र समुदायबीच सहकार्य विस्तार गर्ने, र आवश्यक प्राथमिकता क्षेत्रहरूमा वैदेशिक लगानी आकर्षित गर्ने नीति अवलम्बन गरिएको छ। २०३० सम्म कुल गार्हस्थ उत्पादन ७० अर्ब अमेरिकी डलर र २०३५ सम्म १११ अर्ब अमेरिकी डलर पुर्याउने, २०३५ सम्म नेपाललाई उच्च मध्यम आय भएको मुलुकमा रूपान्तरण गर्ने, निर्यातलाई २०३० मा १० अर्ब डलर र २०३५ सम्म २० अर्ब डलरसम्म विस्तार गर्ने, तथा सन् २०३० सम्म वार्षिक करिब ९ लाख रोजगारी सृजना गरी सन् २०३५ सम्म वार्षिक १५ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य निर्धारण गरिएको छ। ऊर्जा क्षेत्रमा २०३० सम्म जलविद्युत उत्पादन

१२ हजार मेगावाट र २०३५ सम्म २५ हजार मेगावाट पुर्याई भारत, बंगलादेश र चीनतर्फ निर्यात वृद्धि गर्ने, साथै जलविद्युत, जडीबुटी, सिमेन्ट, पर्यटन र आईटीलाई प्राथमिकता प्राप्त क्षेत्रको रुपमा प्रवर्द्धन गर्ने प्रतिबद्धता गरिएको छ।

कृषि उत्पादन प्रवर्द्धन र निर्यातका लागि नियमनलाई चुस्त बनाउने, किसानमैत्री बजार र मूल्य सुनिश्चितता बढाउने, तथा पर्यटनलाई धार्मिक, आध्यात्मिक, स्वास्थ्य, शिक्षा र उपचारको गन्तव्य र साहसिक खेलको राजधानीका रूपमा विकास गर्दै पर्यटक आकर्षण बढाई वार्षिक १० अर्ब डलर राजस्व प्राप्त गर्ने लक्ष्य राखिएको छ। रोजगारी सिर्जनाका लागि देशभर युवा स्व-रोजगारी अभियान, न्यून ब्याजमा ऋण, र ५ लाख रुपैयाँसम्मको स्टार्टअप अनुदानमार्फत युवालाई उद्यमशील र आत्मनिर्भर बनाउने प्रतिवद्धता गरिएको छ। सेवा सुधारका लागि डिजिटल इकोसिस्टम, कानूनी सहजता, एकद्वार प्रणाली र विपद् जोखिम न्यूनीकरणलाई जोड दिँदै राज्य सञ्चालनलाई परिणाममुखी बनाउने प्रस्ताव राखिएको छ।

यो प्रतिबद्धता पत्र सम्बन्धित क्षेत्रका विज्ञ, अभ्यासकर्ता लगायत सरोकारवालासँग घनिभूत छलफल गरी, विभिन्न गुणस्तरीय स्रोत सामग्रीका तथ्य तथा तथ्यांकलाई विस्तृत अध्ययन गरेर तयार पारिएको हो। साथै यसमा उल्लेखित प्रतिबद्धताहरू कार्यान्वयन योग्य रहेका छन्। जसरी नेपालमा कुशल व्यवस्थापनमार्फत केही महिनामै १८ घण्टाको लोडसेडिङ स्थायी रूपमा अन्त्य गरियो, त्यसैगरी देशमा विद्यमान अन्य अँध्याराहरू पनि योजनाबद्ध ढंगले छिटो अन्त्य गर्दै आम सर्वसाधारणको जीवनमा उज्यालो ल्याउने दृढ संकल्पसहित यो कार्यान्वयनयोग्य प्रतिबद्धता पत्र जारी गरिएको छ। समग्रमा, गफ होइन काम, भाषण होइन परिणाम भन्ने नारासहित परिणाम देखिने शासन र समृद्धि केन्द्रित परिवर्तनको प्रस्ताव यस दस्तावेजको मूल सार रहेको छ।

## उज्यालो नेपाल पार्टीका मूख्य प्रतिवद्धता !

| क्षेत्र | हामी के गर्छौं ? | कसरी गर्छौं ? |
|---|---|---|
| **संविधान संशोधन** | **सुशासनको हक** | नागरिकले समयमै सार्वजनिक सेवा पाउने, भ्रष्टाचारविरूद्ध उजुरी दिने र जवाफदेहिता खोज्ने हक संविधानमा मौलिक हकको रुपमा स्थापित गरिनेछ। |
| | **सांसद्को संख्या घटाउने** | प्रतिनिधिसभा सदस्य संख्या २७५ बाट २०१ कायम तथा प्रदेशसभाको सदस्य संख्या पनि कटौती गरी ५५० बाट ३३० कायम गर्नका लागी प्रस्ताव गरिनेछ। |
| | **मन्त्रालय संख्या घटाउने** | संघमा १५ मन्त्रालय र प्रदेशमा ५ देखि ७ मन्त्रालयमा सीमित गरी मन्त्रिमण्डलमा राज्यमन्त्री र सहायकमन्त्री नराख्ने व्यवस्थाका लागि पहल गरिनेछ। |
| | **प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री** | प्रदेश सरकारको स्थायित्वका लागि प्रदेशका मूख्यमन्त्री जनताबाट प्रत्यक्ष निर्वाचित गर्ने व्यवस्था गरिनेछ। |
| | **स्थानीय निर्वाचन दलविहीन** | विकासलाई गति दिन र विकासमा दलगत स्वार्थभन्दा साझा सहमति कायम गर्ने संस्कारको विकास गर्न स्वतन्त्र उम्मेदवारबीच मात्र प्रतिस्पर्धा हुनेगरी स्थानीय निर्वाचनलाई निर्दलीय बनाइने छ। |
| **शासकीय स्वरुप** | **बेजिल्ला र विदेशबाट निर्वाचनमा मतदान गर्ने व्यवस्था** | मतदातालाई लोकतान्त्रिक अभ्यासप्रति आकर्षण गर्न बेजिल्लामा रहेका मतदाताहरूले नजिकको मतदान केन्द्रबाट मतदान गर्ने व्यवस्था गरिनेछ। साथै विदेशमा रहेका नेपाली नागरिकलाई पनि मतदानको सुनिश्चितता गरिनेछ। |
| | **नो–भोट** | मतदाताले विरोधी मत दर्ता गर्न मतदान पत्रमा कुनै पनि होइन भन्ने विकल्प रोज्ने व्यवस्था गरिनेछ। |
| **भ्रष्टाचार( विरूद्धको अभियान** | **भ्रष्टाचारीलाई आजीवन प्रतिबन्ध** | भ्रष्टाचारीलाई आजीवन सार्वजनिक पदमा प्रतिबन्ध लगाउनुका साथै निजको सम्पत्ति राष्ट्रियकरण गरिनेछ। |
| | **उज्यालो हटलाइन र सूचनादाता पुरस्कार कोष** | भ्रष्टाचारविरूद्ध उजुरी दिने व्यक्तिलाई अदालतको अन्तिम फैसलाबाट ठहर भएको रकमको ५ प्रतिशतले हुनआउने रकम सूचनादातालाई पुरस्कारबापत दिइनेछ। |
| | **अनलाइनबाट सम्पत्ति सार्वजनकीकरण** | जनप्रतिनिधि लगायत सार्वजनिक निकायमा कार्यरत पदाधिकारी तथा कर्मचारीको वार्षिक रुपमा अनलाइन सम्पत्ति घोषणा गर्ने व्यवस्था मिलाइनेछ। |

| उज्यालो नेपाल पार्टीका मूख्य प्रतिवद्धता ! | | |
|---|---|---|
| **क्षेत्र** | **हामी के गर्छौं ?** | **कसरी गर्छौं ?** |
| **जलश्रोत मार्फत समृद्धि** | **१,००० कित्ता सेयर अभियान** | हरेक व्यक्तिलाई प्राथमिक सेयर मूल्यमा कम्तिमा १ हजार कित्ता जलविद्युत आयोजनाको सेयर उपलब्ध गराइनेछ। गरिब परिवारलाई प्राथमिक सेयर किन्न सहुलियत ऋण उपलब्ध गराउनुका साथै योजना निर्माणका क्रममा संलग्न श्रमीकको श्रमलाई सेयरमा पनि रुपान्तरण गर्न सकिने व्यवस्था मिलाइनेछ।<br><br>साथै बैदेशिक रोजगारीमा गएका नेपालीका लागि थप १ हजारसमेत कम्तिमा २ हजार कित्ता प्राथमिक सेयर पाउने व्यवस्था मिलाइनेछ। |
| | **जनताको जलविद्युत् कोष स्थापना** | विद्युत खरिद सम्झौता भएको ३० बर्षपछि सरकारलाई हस्तान्तरण हुने जलबिद्युत आयोजनाको राजश्वबाट प्राप्त २० प्रतिशत रकम जनताको जलविद्युत कोषमा राख्ने व्यवस्था मिलाइनेछ। साथै कोषमा प्राप्त रकमबाट शिक्षा, स्वास्थ्य रोजगारी सिर्जना गर्ने कार्यमा खर्च गरिनेछ। |
| | **जलविद्युत् निर्यातबाट राष्ट्रिय समृद्धि कोष** | निजी क्षेत्रको उल्लेख्य सहभागितामा २०३० सम्ममा १२ हजार मेगावाट विद्युत उत्पादन गर्ने र प्रतिव्यक्ति खपत ८ सय किलोवाट घण्टा पुर्‍याइने छ। विद्युत निर्यातबाट प्राप्त रकमको १५ प्रतिशत राष्ट्रिय समृद्धि कोषमा राख्ने व्यवस्था मिलाइनेछ। साथै यसबाट ग्रामीण पूर्वाधार र गरिबी निवारण कार्यक्रम सञ्चालन गरीनेछ। |
| | **कार्बन न्यूट्रल नेपाल** | २०३५ सम्ममा २५ हजार मेगावाट र २०४५ सम्ममा ४० हजार मेगावाट उत्पादन हुनेगरी जलविद्युत आयोजनाहरू अगाडी बढाइनेछ। यसबाट कार्बन न्यूट्रल मुलुकको रुपमा नेपाललाई स्थापित गर्न सहयोग पुग्नेछ। |
| **स्वास्थ्य** | **निःशुल्क स्वास्थ्य सेवा अभियान** | हरेक नारिकलाई तोकिएको स्वास्थ्य संस्थामा निःशुल्क उपचारको व्यवस्था गरिनेछ। कुपोषणबाट ग्रसित महिला तथा बालबालिका केन्द्रित कार्यक्रम सञ्चालन गरिनेछ। साथै ग्रामीण क्षेत्रका जनतालाई मोबाइल क्लिनिक र टेलिमेडिसिनको व्यवस्था गरिनेछ। |

## उज्यालो नेपाल पार्टीका मूख्य प्रतिवद्धता !

| क्षेत्र | हामी के गर्छौं ? | कसरी गर्छौं ? |
|---|---|---|
| **स्वास्थ्य** | **मनोसामाजिक परामर्श सेवा** | प्रत्येक वडामा मानसिक स्वास्थ्य परामर्शदाताको सेवा उपलब्ध हुने व्यवस्था गरिनेछ। |
| | **प्राथमिक स्वास्थ्य केन्द्रमा विशेषज्ञ सेवा** | प्रत्येक स्थानीय तहको स्वास्थ्य संस्थामा कम्तीमा एक विशेषज्ञ (हाडजोर्नी, स्त्रीरोग र बालरोग) राख्ने व्यवस्था गरिनेछ। |
| **शिक्षा** | **निःशुल्क शिक्षा** | हरेक नागरिकले विश्व विद्यालयसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने व्यवस्था गरिनेछ। |
| | **कमाउँदै पढ्दै सिक्दै** | +२ को पाठ्यक्रममा ५० प्रतिशत व्यावसायिक सीप विकासलाई अनिवार्य गरी सरकारी तथा अनौपचारिक क्षेत्रमा १०० दिनसम्मको इन्टर्नसीपको व्यवस्था गरिनेछ। यसका लागि प्रत्येक विद्यार्थीलाई मासिक १० हजार रुपैयाँ बराबरको **श्रमबजार प्रवेश उत्प्रेरणा** भत्ता दिने व्यवस्था मिलाइनेछ। |
| | **शिक्षा बचत कोष** | प्रत्येक नवजात शिसुको नाममा १५ हजारको बचत खाता खोल्ने व्यवस्था गरी १८ वर्ष उमेर पुगेपछि ब्याजसहित एकमुष्ट रकमबाट उच्च शिक्षा र सीप विकासका लागि उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। |
| | **स्मार्ट स्कूल अभियान** | प्रत्येक विद्यालयमा एक डिजिटल कक्षा, इन्टरनेट, डिजटल पुस्तकालयसहित १० कक्षासम्म गुणस्तरीय शिक्षादिने व्यवस्था मिलाइनेछ। |
| **कृषि** | **किसानलाई प्रत्यक्ष अनुदान** | डिजिटल आईडीमार्फत सिंचाई, मल, बीऊ र बिमाका लागि दिइने अनुदान सीधै किसानको खातामा जाने व्यवस्था मिलाइनेछ। |
| | **अर्ग्यानिक कृषि क्रान्ति** | अर्ग्यानिक उत्पादनलाई प्राथमिकता दिनका लागि आगामी ५ वर्षमा ५० प्रतिशत कृषि क्षेत्रलाई जैविक कृषि क्षेत्र घोषणागरी उत्पादित वस्तु विक्रिका लागि बजारीकरणको व्यवस्था मिलाइनेछ। साथै कृषि उत्पादनमा लागत मूल्यमा २० प्रतिशतले थप गरी खरिद गर्ने व्यवस्था मिलाइनेछ। |
| | **कृषि स्टार्टअप फन्ड** | युवा किसान समूहलाई २५ लाखसम्मको सहुलियत ऋण ५ वर्षका लागि उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। |

## उज्यालो नेपाल पार्टीका मूख्य प्रतिवद्धता !

| क्षेत्र | हामी के गर्छौं ? | कसरी गर्छौं ? |
|---|---|---|
| | **कृषि सिंचाई** | कृषि सिंचाइको लागि प्रयोग हुने विद्युत निःशुल्क दिने व्यवस्था गरिनेछ। |
| | **कृषि विद्युतमा सहुलियत** | व्यवसायिक कृषि गर्ने किसानको लागि माछा, कुखुरा तथा बाख्रा पालन, च्याउ उत्पादन, चिया खेती आदी कार्यका लागि सहुलियतपूर्ण विद्युत महशुलको व्यवस्था मिलाइनेछ। |
| सिंचाई | **राष्ट्रिय गौरवका निर्माणाधीन आयोजना** | सुनकोसी-मरिन डाइभर्सन, भेरी-बबई डाइभर्सन, रानी-जमरा-कुलहडिया सिंचाई योजना, बबई सिंचाई योजना, सिक्टा सिंचाई योजना तथा महाकाली सिंचाई योजना सम्पन्न गरी ५ वर्षभित्र ३ लाख हेक्टर क्षेत्रमा सतह सिंचाई सुविधा उपलब्ध गराएर पहाडको पानी मधेसमा, मधेसका नागरिक पहाडमा भन्ने नारालाई साकार पारिनेछ। |
| | **तराई–मधेशका पकेट क्षेत्रहरूमा भूमिगत सिंचाई** | ५ वर्ष भित्रमा क्लस्टरमा आधारित स्यालो तथा डिप ट्यूबवेलबाट ३ लाख हेक्टर जमीनमा सिंचाई सुविधा पुर्‍याइनेछ। |
| | **हिमाल तथा पहाडी क्षेत्रमा लिफ्ट सिंचाई** | ५ वर्ष भित्र विद्युत प्रयोगरी लिफ्ट प्रविधिबाट २ लाख हेक्टरमा सिंचाई सुविधा पुर्‍याइने छ। |
| | **एकीकृत उर्जा तथा सिंचाई विशेष कार्यक्रम** | राप्ती-कपिलवस्तु (नौमुरे), कालिगण्डकी-तिनाउ, सुनकोसी-तावा (कमला), र तमोर-चिसाङ डाइभर्सनको विस्तृत अध्ययन पूरागरी  निर्माण शुरु गरिनेछ। |
| पूर्वाधार विकास | **प्रविधियुक्त पूर्वाधार** | पूर्वाधारका क्षेत्रमा उपयुक्त प्रविधि (पोडवे, सुरूङमार्ग, मेट्रो, केवलकार लगायत) को सम्भाव्यता अध्ययन गरी पीपीपी मोडेलमा विकास निर्माण गरिनेछ। |
| | **हवाई तथा सडक पूर्वाधार आधुनिकीकरण** | पोखरा र भैरहवा विमानस्थलको सञ्चालन विस्तार गरी हवाई कनेक्टिभिटी बढाउन नयाँ एयरलाइन्सहरूलाई प्रोत्साहित गरिनेछ। प्रस्तावित नीजगढ अन्तर्राष्ट्रिय विमानस्थलको लगानी मोडालिटिलाई अन्तिम रुप दिई निर्माणलाई तिब्रता दिइनेछ। राष्ट्रिय राजमार्गको स्तरोन्नतिसँगै उत्तर-दक्षिण कोरीडोरको काम सम्पन्न गरि ग्रामीण सडकहरू कालोपत्रे गरिनेछ। |

| उज्यालो नेपाल पार्टीका **मूख्य** प्रतिवद्धता ! | | |
|---|---|---|
| क्षेत्र | हामी के गर्छौं ? | कसरी गर्छौं ? |
| | **एक प्रदेश एक स्मार्ट सिटी** | राष्ट्रिय योजना आयोगको स्मार्ट सिटि फ्रेमवर्क भिजन २०४० अर्न्तगत लुम्बिनी, निजगड, भरतपुर जस्ता १३ वटा शहरमा पूर्ण रुपमा स्मार्ट सिटी सञ्चालन गर्ने व्यवस्थाको लागि अध्ययन कार्य अगाडी बढाइने छ। यसका लागि इन्टरनेट अफ थिंग्स् (IoT, AI) आधारित ट्राफिक, वास्तविक समय डाटा मोनीटरिङ र जलवायु अनुकुलित क्षेत्रीय विकास योजनाबाट नागरिक केन्द्रित शासन सुनिश्चित गरिनेछ। |
| **सडक तथा पूर्वाधार** | **सडक स्तरोन्नती एवं विस्तार** | आगामी ५ वर्षभित्र ८ हजार कि.मि. कालोपत्रे, ४ हजार कि.मि. ग्राभेल र ३ हजार कि.मि. नयाँ ट्र्याक खोल्ने काम गरिनेछ। काठमाडौं-निजगढ, पूर्व-पश्चिम, मध्यपहाडी, हुलाकी राजमार्ग, कोशी, कालिगण्डकी कोरीडोर, सेती लोकमार्ग, कर्णाल कोरीडोर स्तरोन्नती तथा विस्तार गरिनेछ। |
| | **रेलमार्ग निर्माण** | छोटो यात्राका लागि रक्सौल-काठमाडौं-केरूङ मार्ग, पूर्व-पश्चिम रेलमार्गसम्बन्धी विस्तृत अध्ययन पूरा गरी लगानी मोडालिटी तयार गरिनेछ। |
| | **जलमार्ग पहिचान एवं निर्माण** | कोशी, गण्डकी र कर्णाली नदी बेसिनहरूमा जलमार्गको सम्भाव्यता अध्ययन पूरा गरी संभावित ठाउँहरूमा जलयातायात शुरु गरिनेछ। साथै जलयातायात संबन्धि नीति तथा कानुन निर्माण गरिनेछ। |
| | **मर्मत तथा व्यवस्थापन** | सुरक्षित र सहज यातायातका लागि प्रमुख सडकलगायत शहरी सडकहरूको द्रुत मर्मत सम्भार गर्न सबै प्रदेशमा **रोड एम्बुलेन्स**को व्यवस्था गरिनेछ। |
| **पर्यटन समृद्धिको मार्ग** | **नेपाल पर्यटन दशक २०२६-२०३५** | सन् २०३५ सम्ममा वार्षिक ३५ लाख पर्यटक भित्र्याएर धार्मिक, सांस्कृतिक, साहसिक तथा इको-पर्यटन प्रवर्द्धन गर्न **३६५ दिन पर्यटन गन्तव्य**को रूपमा अन्तर्राष्ट्रिय बजारमा ब्राण्डिङ गरी नेपाललाई पर्यटन हब बनाइने छ। |
| | **पर्यटन पूर्वाधार तथा कनेक्टिभिटी सुधार** | स्वदेशी-विदेशी हवाईसेवासँग सहकार्य गरी १० प्रमुख विमानस्थललाई बुटिक एयरपोर्ट बनाइनेछ। हवाई कनेक्टिभिटी बढाउन नयाँ उडान गन्तव्य थपिनुका साथै ट्रेकिङ रुट, सडक, केवलकार र होमस्टेलाई सुरक्षित गन्तव्य बनाइनेछ। |

| उज्यालो नेपाल पार्टीका मूख्य प्रतिवद्धता ! | | |
|---|---|---|
| **क्षेत्र** | **हामी के गर्छौं ?** | **कसरी गर्छौं ?** |
| | **दीगो तथा समावेसी पर्यटन कोष** | पर्यटनबाट प्राप्त राजस्वबाट रु. ५ अर्वको **पर्यटन समृद्धि कोष** स्थापना गरी ग्रामीण महिला पर्यटन उद्यमीलाई पर्यावरण संरक्षण गर्न अनुदान उपलब्ध गराइनेछ। |
| **युवा कार्यक्रम** | **उज्यालो युवा रोजगार मेला** | सातै प्रदेशमा १६-३५ वर्षका युवाका लागि **युवा रोजगार मेला** आयोजना गरी निःशुल्क सीप सिकाउने व्यवस्था मिलाइनेछ। |
| | **प्रत्येक घरमा रोजगारी अभियान** | ५ वर्षमा १० लाख युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्न उद्यमशीलता कोषबाट १० लाखसम्म निर्ब्याजी ऋणसहित मेन्टरसीपको व्यवस्था गरिनेछ। |
| | **युवा नेतृत्व तालिम** | १८-३५ वर्ष उमेरका युवालाई समानुपातिक आधारमा १०१ सदस्सीय **युवा संसद** गठन गरी नेतृत्व विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ। |
| **डिजिटल नवीनता र कानुनी सहजता** | **डाटा संरक्षण र साइबर सुरक्षा** | तथ्यांक संरक्षण ऐन, साइवर सुरक्षा ऐनलगायतका ए.आई. नीति निर्माण गरी ल्बकचेनको प्रयोगलाई सुरक्षित बनाएर भ्रष्टाचार नियन्त्रणका लागि पारदर्शीता बढाउने नीति लिइनेछ। साथै मेगा डेटा सेण्टरहरू स्थापना गरिनेछन्। |
| | **नेपाल आइटी हब** | १० अर्बको स्टार्टअप कोष स्थापना गरी सातै प्रदेशमा आई.टी. पार्क स्थापना गर्न करछुट दिने व्यवस्था मिलाएर स्टार्टअप इकोसिस्टम विकास गरिनेछ। |
| | **डिजिटल सीप** | ५ वर्षमा ६ लाख युवालाई कोडिङ, ए.आई, साइवर सेक्यूरिटी लगायत आई.टी. शिक्षा दिने व्यवस्था मिलाइने छ। |
| **बिपद् जोखिम न्यूनीकरण** | **भवनसंहिताको पालना** | भूकम्पलगायत सबै प्रकारका विपद्लाई मध्यनजर गर्दै जोखिम-सूचित विकासको अवधारणा आत्मसात गरि भवनसंहिता कडाइका साथ लागू गरिनेछ। |
| | **पूर्व सूचना प्रणाली** | समुदायलाई सशक्तिकरण गर्दै पूर्वसूचना प्रणाली समयमानै सबैसम्म पुग्ने व्यवस्था गरिनेछ। |
| | **जलवायु अनुकुलन र बिपद् विमा** | जलवायु अनुकूलित हरित पूर्वाधारमार्फत विपद् पूर्व तयारीलाई योजनाबद्ध, प्रभावकारी र दिगो बनाइनेछ। साथै सबै नागरिकका लागि विपद् बिमा सुनिश्चित गरिनेछ। |

| उज्यालो नेपाल पार्टीका मूख्य प्रतिवद्धता ! | | |
|---|---|---|
| क्षेत्र | हामी के गर्छौं ? | कसरी गर्छौं ? |
| **उद्योग तथा व्यापार** | **ब्रान्डिङ र बजारीकरण** | हिमाली पानीलगायत नियमनसहित स्थानीय मदिरा र गाँजा प्रशोधन तथा ब्रान्डिङ गरी विश्व बजारमा निर्यात प्रवर्द्धन गरिनेछ। |
| | **उद्योग हब र व्यापार सुविधा** | देशका उद्योग हबहरूलाई आधुनिक पूर्वाधारयुक्त बनाई सडक सञ्जालको विस्तारमार्फत आयात-निर्यात र आन्तरिक व्यापारलाई सहज बनाइने छ। उद्योग क्षेत्रलाई विशेष प्राथमिकता दिई एकद्वार प्रणालीमार्फत कर एवं विद्युतमा विशेष सहुलियत दिएर लगानी प्रवर्द्धन गरिनेछ। |
| | **रुग्ण उद्योग व्यवस्थापन** | बन्द रहेका तथा घाटामा सञ्चालित उद्योगहरू पीपीपी मोडेलमा पुःनसञ्चालनमा ल्याएर रोजगारी सिर्जना गरिनेछ। |
| **गैर आवासीय नेपाली** | **बंसजको आधारमा नागरिकताको निरन्तरता** | एक पटकको नेपाली सधैंको नेपाली भन्ने अवधारणालाई आत्मसात गरी विदेशमा बसोवास गर्ने नेपाली र तिनका सन्तानलाई बंसजको आधारमा नागरिकता दिने व्यवस्थाका लागि आवश्यक कानुन निर्माण तथा संशोधन गरिनेछ। |
| | **गोर्खा सैनिकको हक संरक्षण** | अवकास प्राप्त गोर्खा सैनिकको समान पेन्सनको माग पूरा गराउन सम्बन्धित मुलुकसँग कुटनीतिक पहलका साथै गोर्खा सैनिकका लागि बंसजको नागरिकता सम्बन्धी व्यवस्था गरिनेछ। |
| **नागरिक हित संरक्षण** | **परिवार संरक्षण प्याकेज** | परिवारको मुख्य आम्दानी स्रोत व्यक्ति आकस्मीक मृत्यू भएमा आश्रीत परिवारको अवस्था मूल्यांकन गरी शिक्षा, स्वास्थ्य र जीविकोपार्जन गर्न **परिवार संरक्षण प्याकेज** लागूगर्ने व्यवस्था गरिनेछ। |
| | **आवास व्यवस्था** | राज्यको अनिवार्य दायित्वका रूपमा भूमिहीन तथा अव्यवस्थित बस्तीका परिवारलाई सस्तो आवास निर्माण गरी हस्तान्तरण गरिने छ। यसका लागि स्थानीय तहमा आवास कोष स्थापना गरी वार्षिक १ लाख परिवारलाई लक्षित गरिनेछ। |
| | **भूमिहिनलाई जग्गा** | भूमिहीन दलित, सुकुम्बासी तथा विपन्न परिवारलाई सरकारी तथा अधिग्रहित जग्गा वितरण गरी लालपूर्जा प्रदान गरिने छ। यसका लागि उच्चस्तरीय भूमि आयोग गठन गरिनेछ। |

| उज्यालो नेपाल पार्टीका **मूख्य** प्रतिवद्धता ! | | |
|---|---|---|
| **क्षेत्र** | **हामी के गर्छौं ?** | **कसरी गर्छौं ?** |
| **मनोरन्जन क्षेत्र** | **स्वायत्त बोर्ड** | स्वायत्त चलचित्र बोर्ड मार्फत समग्र चलचित्र क्षेत्रमा पारदर्शिता र ब्यवसायीकता सुनिश्चित गरिनेछ। चलचित्रलाई औद्योगिक मान्यता दिई सहुलियत सुविधा र अन्तर्राष्ट्रिय बजार विस्तार गरिनेछ। |
| **खेलकुद** | **उज्यालो खेल मैदान** | प्रदेशमा निर्माणाधीन गौतमबुद्ध, त्रिवि, फाप्ला, पोखरा, विराटनगर लगायतका क्रिकेट स्टेडियम तथा बहुउद्देश्यीय खेल मैदान निर्माण सम्पन्न गरी अन्तर्राष्ट्रियस्तरका खेल आयोजना गरिनेछन्। |
| | **खेलबाट समृद्धि** | अन्तर्राष्ट्रिय खेल आयोजना गरी आर्जित रकमबाट खेलाडी कल्याणका लागि **खेल पर्यटन प्रवर्द्धन कोष** स्थापना गरिनेछ। सोही कोषबाट मेडल प्राप्त राष्ट्रिय खेलाडीलाई मासिक २५ हजार र अन्तर्राष्ट्रिय खेलाडीलाई ६० हजार पेन्सन दिने व्यवस्था मिलाइनेछ। |
| | **स्कूल स्पोर्ट्स मिशन** | विद्यालयमा अनिवार्य खेल शिक्षा - १४ वर्ष मुनिका र १८ वर्ष मुनिका युवाहरूका लागि प्रतियोगिता सञ्चालन गरी उत्कृष्टलाई छात्रवृत्तिसहित प्रशिक्षक तालिम दिने व्यवस्था मिलाइनेछ। |
| **संगठित अपराध र ठगी नियन्त्रण** | **सहकारी ठगी र लघुबित्त पिडितलाई न्याय** | सहकारी तथा लघुवित्तको अनियमिततामा संलग्न अभियुक्तहरू विरूद्ध विस्तृत अनुसन्धान गरी कानुनी कारवाहीका लागि उच्चस्तरीय न्यायिक आयोग मार्फत पिडितलाई न्याय दिलाउने व्यवस्था गरिनेछ। सहकारीका ५ लाख रुपैयाँसम्मका बचतकर्ताहरूलाई सरकारले क्रमिक रुपमा पिडकबाट असुलउपर हुनेगरी बचत रकम फिर्ता गर्न पहल गर्नेछ। |
| | **मिटरब्याजी पिडित** | मिटरव्याजबाट पिडितहरूलाई मूलधनभन्दा बढीको अवैध ब्याज माफी दिने व्यवस्था सुनिश्चित गरी पिडकलाई हदैसम्मको कारवाही गर्ने व्यवस्था मिलाइनेछ। |
| **ट्रेड युनियन नियमन** | **दलीय ट्रेड युनियन खारेज** | राजनीति दलको भातृसंगठनका रुपमा खुलेका ट्रेड यूनियनहरू खारेज गरी निजामति तथा सार्वजनिक संस्थानका कर्मचारीको हकहितमा काम गर्नेगरी एउटामात्रै आधिकारिक ट्रेड युनियन राख्ने व्यवस्था गरिनेछ। |

| उज्यालो नेपाल पार्टीका मूख्य प्रतिवद्धता ! | | |
|---|---|---|
| क्षेत्र | हामी के गर्छौं ? | कसरी गर्छौं ? |
| **विकास दशक** | **समृद्धिका लागि विकास** | मुलुकको आर्थिक  विकालाई तिव्रता दिनका लागि द्रूत विकास दशक घोषणा गरी २०३० सम्ममा वार्षिक ९ प्रतिशत वृद्धि गर्दै करिव ७० अर्ब डलर पुऱ्याइने छ। |
| | **विकास छाता ऐन** | विकास कार्यलाई तिव्रगतिमा अगाडि बढाउन बाधक कानूनहरू संशोधन तथा खारेज गरी छाता ऐन निर्माण गरिनेछ। आवश्यक परेमा नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय अभिसन्धीका प्रावधाहरूसमेत पुनरावलोकन गर्ने हदसम्मको पहल गरिनेछ। |
| **समग्रमा रोजगारी** | **रोजगारी सिर्जना** | हाइड्रो, कृषि, पर्यटन, आइ.टी., उद्योग, पूर्वाधार, शिक्षा, स्वास्थ्य र खेलकुद क्षेत्रबाट वार्षिक ९ लाख रोजगारी सृजना गरी ५ वर्षमा ४५ लाख रोजगारी सिर्जना गरिनेछ। |

# निर्वाचन प्रतिवद्धता–पत्र २०८२

## पृष्ठभूमि

नेपालमा प्रजातान्त्रिक यात्राको प्रस्थानविन्दु २००७ सालको आन्दोलनबाट प्रारम्भ भएको हो। सो आन्दोलनले तत्कालीन निरंकुस शासन समाप्त गरी नागरिक स्वतन्त्रता र लोकतन्त्रको आधार स्थापित गरे तापनि यात्रा भने निरन्तर चुनौतीपूर्ण रह्यो । २०४६ को जनआन्दोलनले बहुदलीय प्रजातन्त्र ल्यायो, २०६२/६३ को दोस्रो जनआन्दोलनले गणतन्त्र स्थापना गऱ्यो र संघीयतासँगै नयाँ संविधान निर्माण भयो। तर राजनीतिक अस्थिरता, चरम भ्रष्टाचार, ढिलासुस्ती, नीतिगत असफलता, सरकारी अक्षमता, संसद्को निष्क्रियता र न्यायालयको विश्वसनीयताको संकटले नेपाली जनता निराश छन् । विकासका सपना अधुरा छन् । रोजगारीको अभाव, गुणस्तरीय शिक्षा-स्वास्थ्यमा पहुँचको कमी, पूर्वाधारको पछौटेपन र आर्थिक असमानताले लाखौं युवालाई विदेशीन बाध्य पारेको छ। यस्तो असफलताले नागरिकमा असन्तुष्टि चुलिएको छ।

२००७ सालको प्रजातन्त्र पुनर्स्थापनापछि नेपाली राजनीति निरन्तर अस्थिर र उथलपुथलपूर्ण रह्यो । सत्तारूढ दलहरूको असफलता र विपक्षको प्रतिक्रियात्मक व्यवहारले व्यवस्था तथा समाजलाई कमजोर बनायो । यस अवधिमा ६ पटक प्रतिनिधिसभा र २ पटक संविधानसभा निर्वाचन भए, तर बहुमत सरकारहरू स्थिर रहन सकेनन्, प्रमुख उदाहरणहरूः

- **२०१५** कांग्रेसको दुई तिहाइ बहुमत, तर २०१७ मा राजाको कूबाट अपदस्थ।
- **२०४८** कांग्रेसको एकल बहुमत, २०५१ मा संसद् विघटन।
- **२०५६** कांग्रेस बहुमत, आन्तरिक कलहले २०५९ मा विघटन।
- **२०६४** माओवादी पहिलो, गणतन्त्र घोषणा तर संविधान बन्न सकेन।
- **२०७०** कांग्रेस-एमाले गठबन्धनले २०७२ मा संविधान जारी।
- **२०७४** एमाले-माओवादी बहुमत, तर कार्यान्वयन असफल।

२०५१ पछिका त्रिशंकु संसद्हरूले सांसद किनबेच, कुशासन, विभाजन र भ्रष्टाचार बढाए । २०७९ पछि पनि त्रिशंकु संसद बनेको थियो । माओवादीले १८ महिना

सरकार चलायो, त्यसपछि एमाले नेतृत्वको गठबन्धन बने पनि २०८२ भदौको जेनजी युवा आन्दोलन (भ्रष्टाचार, सामाजिक सञ्जाल प्रतिबन्ध र युवा असन्तोष) ले सरकार ढाल्यो र संसद् विघटन गरायो ।

यी घटनाले प्रमुख दलहरूको असक्षमता, कुशासन र आन्तरिक अराजकताबाट ३५ वर्षमा राजनीतिक स्थिरता र विकास असफल भएको देखाउँछ । अहिलेको युवा पलायन, निराशा र बहुआयामिक संकट यिनै कारणले बढेको हो । त्यसैले अहिले स्थिरता र सुशासनको खाँचो अझ बढेर गएको छ ।

उपरोक्त पृष्ठभूमिमा जनताले परम्परागत वाद, शास्त्रीय सिद्धान्त र दर्शनभन्दा व्यवहारिक विचार, प्रभावकारी नीति कार्यान्वयन र एजेन्डासहितको डेलिभरी खोजिरहेका छन् । अमूर्त विचारधाराभन्दा गतिशील विचार र नीति तथा कार्यक्रम मुखी राजनीति चाहिरहेका छन् । जनताले प्रत्यक्ष अनुभूति दिने असल शासनका लागि विधिको शासन, आर्थिक विकास, भ्रष्टाचार नियन्त्रण, पारदर्शी शासन, जवाफदेही नेतृत्व, सहज सार्वजनिक सेवा, गुणस्तरीय शिक्षा-स्वास्थ्य र रोजगारीका अवसर सिर्जना गर्ने स्पष्ट खाकासहितको सरकार खोजिरहेकाछन् । त्यसैले यथास्थितिमा रमाउने दम्भी नेतृत्व भन्दा पनि इमान, साहस र परिवर्तनको प्रतीकलाई नेतृत्वमा ल्याउनु आजको आवश्यकता भएको छ ।

**विगतका राजनीतिक असफलता**ः विगतमा सरकार चलाउने पार्टीहरूले राजनीतिक सिद्धान्त, संविधान र संघीयताको सैद्धान्तिक बहसको नाममा आत्मकेन्द्रित स्वार्थमा समय बर्बाद गरे । दलीय राजनीतिले शक्ति कब्जा गरेर भ्रष्टाचार गर्ने खेल बढ्दै गयो, सरकार परिवर्तन गर्ने, परियोजना लम्ब्याउने र आर्थिक ढुकुटी दोहन गर्ने प्रवृत्तिले कुनै राष्ट्रिय नीतिमा आधारित भई लागू हुनै सकेन । राजनीतिक संकीर्णता चिर्न र द्वन्द्व व्यवस्थापन गर्न संघीयता आयो, तर यो आर्थिक उन्नयनको इन्जिन बन्न सकेको छैन । प्रदेश र स्थानीय तहलाई समयमा आवश्यक कानुन निर्माण, स्रोतको विनियोजन र अधिकार दिइएन । यी सबै पक्षको समष्टिगत परिणाम विकास सुस्त र सुशासन कमजोर हुनपुग्यो । यिनै कुशासन र असमानताको आक्रोस स्वरूप जेन-जी आन्दोलन भयो । अतः अबको मार्ग भनेको नतिजा दिनसक्ने र इमान्दार नेतृत्वको हो ।

**अपार सम्भावना, अधुरो समृद्धि**: नेपाल प्राकृतिक स्रोतको प्रचुरता र जनसांख्यिक लाभको अपार सम्भावना बोकेको मुलुक हो । उत्तरी हिमालका उँचाइहरू, अपार जलविद्युत् र उर्वर भूमिलाई पर्यटन, उत्पादन र निर्यातमा जोड्न सकिएको छैन । हिमाल, पहाड र तराईका फाँटहरू कविताको कल्पनातीत सपना त बने, तर जलविद्युत्, पर्यटन, कृषि र संस्कृति समृद्धिको मुहान बन्न सकेनन् । आर्थिक क्रान्तिमा उडान भरेका छिमेकीहरूले समृद्धि बढाउँदा हाम्रो कुलगार्हस्थ्य उत्पादन करिब ४५ अर्ब डलरमै सीमित छ । नेपाली जनता बुद्धिमान, लचक सहयात्री र कडा मेहनती छन्, तर लाखौं युवा रोजगारीका लागि विदेशिन बाध्य छन् । यो उनीहरूको भाग्य होइन, विगतको राजनीतिक नेतृत्वको अक्षमता हो ।

**निजी क्षेत्र र अन्य गैरराज्य क्षेत्रमाथि उपेक्षा**: विगतका सरकारहरूले निजी क्षेत्रलाई संका र अत्यधिक नियमनले निरूत्साहित गरे । निजी क्षेत्रको नाममा केही पहुँचवाला पूँजीपतिले दलीय नेतृत्व र कर्मचारीतन्त्रसँग मिलेर सार्वजनिक सम्पत्ति हडपे, कालोबजारी र एकाधिकार स्थापना गरी भ्रष्टाचार बढाए । उद्यमीहरूलाई अनिश्चितता र निस्प्रभावित औद्योगिक नीति तथा भ्रष्टाचारले स्वदेशी पूँजी विदेशीयो, वैदेशिक लगानी आउन सकेन । विधिको शासनको अभाव र विप्रेषणले उपभोक्तावादी संस्कृति बढायो, स्वदेशी उत्पादन र घरेलु रोजगारी निष्क्रिय बन्यो । दशकौंसम्म सत्ता दोहनमा रमाएका लाचार राजनीतिक पार्टीहरूले जनतालाई यस्तो दलदलमा धकेलेको निष्कर्ष उज्यालो नेपाल पार्टीको रहेको छ ।

## १. उज्यालो नेपाल पार्टीको संकल्प

विगतका आन्दोलनबाट केवल व्यवस्था मात्र बदलिने तर अवस्था र प्रवृत्ति उस्तै रहने दुष्चक्रबाट मुक्ति दिलाउन उज्यालो नेपाल पार्टी विधिको बाटो र समृद्धिको यात्रामा जोडिन आएको छ । हामी आर्थिक समृद्धिको साहस बोकेर **उत्पादन, निर्यात र रोजगारी** बढाउने मापनयोग्य लक्षसहित आएका छौं । स्वदेशी उत्पादनमा गर्व गर्दै मानव संसाधनको विकासमार्फत् हिमाल, पहाड र तराईका स्रोतहरूलाई समृद्धिको मुहान बनाइनेछ । जलश्रोतको समग्र ब्यवस्थापन गरि देशभित्र उत्पादित जलविद्युतलाई देशभित्रै खपत हुने वातावरण बनाइनेछ र बढि भएको विद्युत उर्जा छिमेकी देशहरूमा निर्यात गर्दै मुलुकको अर्थतन्त्रको आत्मनिर्भरता बढाइनेछ । उद्योग

नवप्रवर्तन, आई.टी., कृषि क्रान्ति र पर्यटनलाई अर्थतन्त्रको मेरूदण्ड बनाउँदै उच्च मध्यम आम्दानी भएको राष्ट्रमा परिणत गरिनेछ । संघीय गणतन्त्रात्मक व्यवस्था समस्या होइन, अवसर हो । हामी यसलाई नतिजामुखी प्रणाली बनाउँछौं । दश वर्षीय रोडम्यापमा प्रतिबद्ध छौं, जसलाई स्वतन्त्र राष्ट्रिय डेलिभरी ड्यासबोर्डबाट त्रैमासिक रूपमा ट्र्याकिङ्ग गर्ने व्यवस्था गरी नतिजा निकाल्न सफलताको नेतृत्व गर्छौं । त्यसैले सुशासन र नतिजामुखी प्रणाली स्थापना नै हाम्रो अभिष्ट हुनेछ । अव्यवस्थालाई सुव्यवस्थामा बदल्ने हाम्रो प्रण रहनेछ ।

१.१ **उज्यालो यात्राको आव्हान**: विगतका ऐतिहासिक राजनीतिक घटनाक्रमको सिकाई र निचोडबाट नीति, विकास र सेवा प्रवाह गर्न सक्ने सशक्त शक्तिको रूपमा उज्यालो नेपाल पार्टी स्थापना भएको हो । यस यात्रामा तपाईंको मिहेनत र हौसलामा हामी साझेदार बन्न तयार छौं । सँगै मिलेर उज्यालो नेपाल निर्माण गरौं । यो हाम्रो देश हो, यो हाम्रो समय हो । हामीलाई देश निर्माणको चुनौती सामना गर्ने अवसर दिनुहोस् । यो पार्टीले **कुलमान घिसिङ** जस्ता सफलताको गर्विलो पृष्ठभूमि भएका पूर्व उर्जा, जलश्रोत, तथा सिचाई, भौतिक योजना तथा यातायात र शहरी विकास मन्त्रीको जिम्मेवारी सम्हालेका ओजिलो नेतृत्व पाएको छ । हामी यो निर्वाचन प्रतिवद्धता-पत्रलाई कार्यान्वयनसम्म नेतृत्व गर्न प्रतिबद्ध छौं । **उज्यालो नेपाल पार्टी**को यात्रामा स्पष्ट लक्ष्य र मापनयोग्य उपलब्धीका लागि निम्नानुसारका प्रतिवद्धताको खाका लिएर आएका छौं ।

| उज्यालो नेपाल पार्टीले लिएको लक्ष्य, सम्भाव्यता र उपलब्धि | | | | |
|---|---|---|---|---|
| लक्ष | | | सम्भाव्यता पूरा गर्न हाम्रो प्रतिवद्धता | उपलब्धि |
| क्षेत्र | २०३० | २०३५ | | |
| **कूल गार्हस्थ्य उत्पादन** | ७० अर्व डलर | १११ अर्व डलर | सन् २०३५ सम्म २५ हजार मेगावाट विद्युत उत्पादन गरी विदेश निर्यात गरेर वार्षिक आम्दानी बृद्धि गरिनेछ। | उत्पादन, निर्यात, पूर्वाधार र विप्रेषणबाट कूल गार्हस्थ्य उत्पादन बढाउँछौं। सन् २०३५ सम्म उच्च मध्यम आय भएको मुलुकमा रूपान्तरण गरिनेछ। |
| **निर्यात** | १० अर्व डलर | २० अर्ब डलर | जलविद्युत, जडीबुटी, सिमेन्ट, पर्यटन र आईटी प्रवर्द्धन गरिनेछ। | श्रममूलक प्रविधिको उपयोग, जलविद्युत, जडीबुटी, नविन प्रविधिको समुचित उपयोगबाट व्यापार घाटा घटाईनेछ। |
| **रोजगारीमा बृद्धि** | ९ लाख प्रतिवर्ष | १५ लाख प्रतिवर्ष | ४० वर्षमूनिका युवाका लागि युवासेवा र सीप विकास गरिनेछ। सन् २०३० सम्म वार्षिक करिव ९ लाख रोजगारी सृजना गरी २०३५ सम्म वार्षिक १५ लाख रोजगारी सृजना गरिनेछ। | परिवारसँगै रहेर रोजगारी र उत्पादनमा रमाउने वातावरण बनाईनेछ। |
| **जलविद्युत उत्पादनमा बढोत्तरी** | १२ हजार मेगावाट | २५ हजार मेगावाट | भारत, बंगलादेश र चीनमा निर्यात गरिनेछ। क्रिप्टो, माइनिङ र डाटा सेन्टरमा लगानी ल्याउन अभियान चलाईनेछ। साथै स्थानीयस्तरमा विद्युत उपभोग प्रवर्द्धन गरी इन्धन आयात घटाईनेछ। | छिमेकी मुलुकमा विद्युत निर्यात गरी वार्षिक ५ अर्व डलर राजश्व प्राप्त गरिनेछ। |
| **विदेशी पर्यटक आकर्षण** | २० लाख | ५० लाख | पर्यटकीय पूर्वाधार, सूचना प्रविधि, कलात्मक वस्तु निर्माण, हवाईसेवा विस्तारलगायत नवीन तुलनात्मक लाभका क्षेत्र पहिचान गरिनेछ। साथै प्राकृतिक र हिमाली क्षेत्रको विशिष्ट पहिचान, प्रवर्द्धन गरी अद्धितीय विश्व सम्पदा अवलोकनका लागि धार्मिक, आध्यात्मीक पर्यटन, स्वास्थ्य शिक्षा, स्वास्थ्य उपचारको गन्तव्य र साहसिक खेलको राजधानी बनाईनेछ। साथै कृषि उत्पादन प्रवर्द्धन र निर्यात गर्न नियमनको चुस्त व्यवस्था गरिनेछ। | पर्यटन आकर्षण बढ्नुका साथै विदेश निर्यातबाट वार्षिक १० अर्व डलर राजश्व प्राप्त हुनेछ। |
| **बेरोजगारीमा कमी** | ८ प्रतिशत भन्दा कम | ५ प्रतिशत भन्दा कम | प्राविधिक र व्यवसायिक तालिम, वैदेशिक लगानीमा विस्तार गरी रोजगारी सिर्जना गरिनेछ। | विप्रेषण निर्भरता घट्नुका साथै बाध्यकारी वैदेशिक पलायन रोकिनेछ। |
| **गरिवी निवारण** | १५ प्रतिशत भन्दा कम | १० प्रतिशत भन्दा कम | नेपालको विद्यमान गरिवीको दर २०.१ प्रतिशत रहेको अवस्थालाई २०३० सम्म १५ प्रतिशत र २०३५ सम्म १० प्रतिशतमा झार्ने गरी देशको गरिबी न्यूनीकरणका लागि विशेष कार्यक्रम सञ्चान गरिनेछ। | नेपाल मध्यमआय भएको मुलुकमा स्तरोउन्नति भई नागरिकको शिक्षा र स्वास्थ्य सुधार हुनेछ। |

१.२ **उज्यालो नेपाल पार्टी**: उज्यालो नेपाल पार्टी जेन-जि युवाहरूको ऐतिहासिक आन्दोलनको आलोकमा स्थापना भएको हो। सर्वप्रथम यो विद्रोहसँगै यस अघि भएका जनआन्दोलनहरूमा सहादत प्राप्त गर्ने सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रद्धान्जलि अर्पण गर्दछौं, घाइतेहरूको शिघ्र स्वास्थ्यलाभको कामना पनि गर्दछौं। हामी एकाइसौं शताब्दिको प्रजातान्त्रिक चेतना, संघीयताको सकारात्मक पक्ष र जेनजी आन्दोलनको उर्जालाई आत्मसात गर्दै नयाँ राजनीतिक विकल्पको रूपमा उभिएका छौं।

हाम्रो यो प्रतिवद्धता-पत्रले हालसम्मका असफलताहरूको समीक्षा गरी समाधानको पाटो तय गर्नेछ। सार्वभौमसत्ता, अखण्डता र नागरिक सार्बोच्चतामा आधारित समावेशी लोककल्याणकारी राज्य, लोकतान्त्रिक मूल्यहरू, स्वतन्त्रता, विधिको शासन र मानवअधिकारका विषयलाई हामी पारदर्शी र जवाफदेहीतासँग जोड्नेछौं। प्रजातान्त्रिक समाजवादउन्मुख अर्थतन्त्रमार्फत् स्वदेशी तथा विदेशी पूँजीको प्रभावकारी परिचालन गरी युवा स्टार्टअपको १० हजार लक्ष्य, १० वर्षे पूर्वाधार योजना, निःशुल्क शिक्षा-स्वास्थ्य, नवीन प्रविधि, पर्यटन प्रबर्द्धन, जलविद्युत विकास र कृषि क्रान्तिमा केन्द्रित हुनेछ।

## २. उज्यालो नेपाल पार्टीको वैचारिक दृष्टिकोण

नेपालको इतिहासमा क्रान्ति, जनआन्दोलन र जेन-जी युवाहरूको विद्रोहले पुराना असक्षम, भ्रष्ट अभ्यासहरूलाई चुनौती दिएको पृष्ठभूमिमा उज्यालो नेपाल पार्टीको जन्म भएको हो। यो पार्टी राजनीतिक इतिहास र जनसंघर्षबाट उत्पन्न नयाँ युगको आवश्यकता पूरा गर्न गठित राजनितिक शक्ति हो। सचेत, इमानदार नागरिकहरूको सहभागितामा सुशासन, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै राजनीतिमा नयाँ अध्याय थाल्ने यसको उद्देश्य हो।

नेपालको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता, संविधानवाद र नागरिक सर्वोच्चतामा आधारित समावेशी लोकतन्त्र उज्यालो नेपाल पार्टीको मूल राजनीतिक आदर्श हो। नेपालको संबिधान २०७२ को प्रस्तावनामा उल्लेख गरिएको लोकतान्त्रिक मुल्य मान्यतालाई वैचारिक मार्ग निर्देशनको रूपमा लिंदै यस पार्टीले तीनलाई संरक्षण र सम्वर्द्धन गर्दै नागरिक र समुदायको हक र अधिकार विस्तार र सुदृढिकरण गर्नेछ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक पहिचानयुक्त राष्ट्र हो । यस पार्टीले अवलम्बन गरेको बहुसांस्कृतिकतावादी दर्शनले नेपाली समाजको विविधतालाई र बहुलपनालाई सम्मान, संरक्षण र सम्वर्द्धन गर्दै सामाजिक न्यायमा आधारित, सहभागितामूलक समावेशी र लोककल्याणकारी राज्य प्रणालीमार्फत् राष्ट्रिय एकता मजबुत गर्दै नागरिकको सामूहिक हितको रक्षा गर्छ भन्ने विश्वास राख्दछ । सामाजिक, आर्थिक तथा सांस्कृतिक विभेद, लैङ्गिक असमानता, वर्गीय विभेद्, भ्रष्टाचार तथा आर्थिक अनियमितता नियन्त्रण र अन्त्य गर्दै सामाजिक न्याय स्थापना गर्नेछ ।

परिणाममुखी सक्रियता, अनुशासित व्यवहार र पारदर्शी जीवनशैलीमार्फत् पार्टीले नेपाली समाजमा असल राजनीतिक संस्कारको अभ्यास गरी राष्ट्रिय जीवनमा विश्वसनीय एवं उज्यालो मूल्यप्रणाली स्थापित गर्नेछ । **उज्यालो नेपाल पार्टी** उत्कृष्टताको पर्यायवाची हुनेछ । योग्य र ईमान्दार व्यक्तिलाई उपयुक्त भूमिकामा स्थापित गरिनेछ। राजनीतिक नियुक्तिहरू दलीय भागवण्डामा गरिने छैन ।

२.१ **उज्यालो नेपाल पार्टीको राजनीतिक आदर्शः** नयाँ युगको प्रारम्भ गर्ने संकल्प र योजनासहित जन्मिएको उज्यालो नेपाल पार्टीले दलको पहिचानअनुरूपको व्यवहार प्रदर्शन गर्दै परिणाममुखी राजनीतिक अभ्यास गर्नेछ ।

- **मूल राजनीतिक आदर्शः** नेपालको सार्वभौमसत्ता, अखण्डता, स्वतन्त्रता, नागरिक सर्वोच्चता र समुन्नत राष्ट्र निर्माण उज्यालो नेपाल पार्टीको मूल राजनीतिक आदर्श हुनेछ ।

- **सामाजिक न्यायः** नेपाली समाजको बहुलता (बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक) लाई सम्मान, संरक्षण र सम्वर्द्धन गर्दै सामाजिक न्यायमा आधारित सहभागितामूलक, समावेशी र लोककल्याणकारी राज्य प्रणालीमार्फत् जनताको सामूहिक हितको रक्षा गरिनेछ ।

- **वर्गीय न्यायः** सहकारी, मिटरव्याजी तथा लघुवित्त पीडितलाई न्याय दिनुका साथै सुकुम्वासीलाई आवासको अधिकार सुरक्षित गरिनेछ । त्यसैगरी गरिवलाई गाँस, बास र कपासको व्यवस्था गरिनेछ ।

- **लोकतन्त्रका आधारभूत मूल्यहरूः** नागरिक स्वतन्त्रता, विधिको शासन, आवधिक निर्वाचन, वालिग मताधिकार, स्वतन्त्र न्यायपालिका, मानवअधिकार र प्रेस स्वतन्त्रतालाई स्वीकार गर्दै उत्कृष्टता, पारदर्शिता र जवाफदेहितामा आधारित प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गरिनेछ।

- **राज्य सञ्चालनः** शक्ति पृथकीकरण र शक्ति सन्तुलनको वास्तविक अभ्यास गर्दै उत्कृष्टता र समावेशिताको आधारमा राजकीय जिम्मेवारी प्रदान गर्ने प्रणाली स्थापना गरिनेछ।

- **असल राजनीतिक संस्कारः** सहभागितामूलक र लोकतान्त्रिक विधि, परिणाममुखी सक्रियता, अनुशासित व्यवहार र पारदर्शी जीवनशैलीमार्फत् नेपाली समाजमा असल राजनीतिक संस्कार स्थापित गरी राष्ट्रिय जीवनमा विश्वसनीय प्रणाली निर्माण गरिनेछ।

- **राजनीतिक तथा आर्थिक मार्गदर्शनः** नेपालको संविधानको मूल व्यवस्थालाई आत्मसात गर्दै लोककल्याणकारी राज्य, प्रतिस्पर्धात्मक उदारवादी अर्थ व्यवस्था, सहभागितामा आधारित राजनीतिक तथा आर्थिक मार्गदर्शन कायम राखिनेछ। राष्ट्रिय हितको संरक्षण गर्दै सुशासन र सामाजिक न्यायको आधारमा प्रत्येक नागरिकको जीवन समृद्ध बनाउने प्राथमिक लक्ष्य हुनेछ।

- **गैरआवासीय नेपालीः** गैरआवासीय नेपालीहरूलाई नेपाल फर्किन तथा लगानी गर्न प्रोत्साहित गर्दै एक पटकको नेपाली, सँधैंको नेपाली भन्ने अवधारणालाई आत्मसात् गरिनेछ। सार्क मुलुक बाहेक विदेशमा रहेका बंशजको आधारमा नेपाली नागरिकतालाई निरन्तरता दिने पहल गरिनेछ।

२.२ **उज्यालो नेपाल पार्टीको मार्गदर्शनः** नेपालको संविधानको मूलभूत व्यवस्थालाई आत्मसात गर्दै लोककल्याणकारी राज्य र उदारवादी अर्थव्यस्थाको अभ्यास गर्नु **उज्यालो नेपाल पार्टी**को मूलभूत राजनीतिक र आर्थिक मार्गदर्शनको रुपमा रहने छ। नेपालको राष्ट्रिय हितको संरक्षण र प्रवर्द्धन गर्दै सुशासन र सामाजिक न्यायको आधारमा प्रत्येक नागरिकको जीवनलाई समृद्ध बनाउनु पार्टीको प्राथमिक लक्ष्य हुनेछ।

पार्टीले नागरिकको गाँस, बास, कपास, शिक्षा र स्वास्थ्यको हकलाई राज्यको क्षमता बढाएर अनिवार्य दायित्वको रुपमा ग्रहण गर्नेछ। साथै राज्य, निजीक्षेत्र, सहकारी र समुदाय बिच गतिशील र सन्तुलित साझेदारीमा आधारित समाजवादमुखी आर्थिक प्रणालीको अभ्यास गर्नेछ। स्वदेशी पूँजीलाई अधिकतम परिचालन गर्दै आवश्यकताका क्षेत्रमा विदेशी लगानीलाई आकर्षित गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणको लागि पार्टीले राजनीतिक शक्ति र सामर्थ्यलाई समर्पित गर्नेछ।

राज्यको लगानीलाई औंचित्यपूर्ण र परिणाममुखी बनाउनु अपरिहार्य भएकोले नेपालको प्राकृतिक भूगोल र मानवीय भूगोल सुहाउँदो योजनावद्ध एकीकृत पूर्वाधार निर्माण एवं सामाजिक विकासको प्रणाली स्थापना गरिनेछ। नेपालको प्राकृतिक तथा जैविक विविधता र साधन श्रोतलाई जनताको अधिकतम् हितमा उपयोग गरिनेछ।

## ३. जेन–जी आन्दोलन, १० बुँदे सम्झौता र सुशासनको नयाँ अध्याय

भ्रष्टाचार, अस्थिरता र असक्षमताविरूद्ध २०८२ भाद्र २३-२४ गते सडकमा उत्रिएका जेन-जी युवाहरूको ऐतिहासिक आन्दोलनले नयाँ अध्याय थालेको छ। उनीहरूको मुख्य माग थियो-सुशासन, पारदर्शिता, जवाफदेहिता र युवा सहभागिता। यसले पुराना दलहरूको कमजोरी उजागर गर्दै जनअसन्तुष्टिलाई एकत्रित गऱ्यो। तत्कालीन सरकारको दमन प्रयास असफल भयो। अन्ततः सरकार र जेन-जी युवाहरूबीच २०८२ मंसिर २३ गते १० बुँदे सम्झौता भएको छ। यसले भ्रष्टाचारविरूद्ध विशेष अदालतको प्रभावकारिता, राजनीतिक सुधार आयोग, युवा प्रतिनिधित्व वृद्धि, पूर्वाधार विकासमा तीव्रता, शिक्षा-स्वास्थ्यमा लगानी र निर्वाचन सुधारजस्ता प्रतिवद्धताहरू गरेको छ। यही मर्मलाई आत्मसात गर्दै हामीले सुशासनलाई **प्राण** र विकास तथा समृद्धिलाई **अर्जुनदृष्टि** बनाएका छौं।

## ४. सुशासन, प्रशासनिक रूपान्तरण र भ्रष्टचार नियन्त्रण

हामी शक्तिको दुरूपयोग गर्न होइन, सेवा गर्न सरकार बनाउन चाहन्छौं। यस प्रतिवद्धता पत्रमार्फत् हामी नातावाद, भ्रष्टाचार अनावश्यक संरचनालाई अन्त्य गर्दै, सानो तर सक्षम सरकार, शून्य राजनीतिक हस्तक्षेप हुने व्यवस्था गरेर जवाफदेहिता अभिबृद्धिका लागि

चुस्त डिजिटल सेवा-प्रवाह गरेर नयाँ शासकीय व्यवस्था निर्माण गर्न प्रतिबद्ध छौं। संविधान एवम् कानून संशोधनमार्फत् देहाय बमोजिम हुने व्यवस्था गरिनेछः

- **चुस्त र प्रभावकारी शासकीय प्रणाली**ः संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा तीन तहको संघीयता रहने गरी राज्यको मूल संरचना कायम गरी संवैधानिक राष्ट्रपति, शक्ति पृथकीकरण र शक्ति सन्तुलनको अवधारणामा प्रत्यक्ष असर नपर्ने गरी विस्तृत अध्ययनपछि स्थायित्व र समृद्धिको लागि उचित शासकीय प्रणाली अवलम्बन गरिनेछ।

- **समानुपातिक प्रत्यक्ष निर्वाचित प्रतिनिधि**ः संघमा दुई सदनात्मक संसद रहने जसमा २०१ सदस्यीय प्रतिनिधि सभा सदस्य रहने व्यवस्था अवलम्बन गरिनेछ।

- **राष्ट्रियसभामा उपराष्ट्रपति पदेन अध्यक्ष**ः राष्ट्रिय सभालाई पुनरावलोकन गरी उपराष्ट्रपति राष्ट्रिय सभाको पदेन अध्यक्ष रहने व्यवस्था गरेर अधिकार सम्पन्न बनाइनेछ।

- **विज्ञतामा आधारित मन्त्रीपरिषद्**ः विश्वमा विकसित नवीन विकास अवधारणा र प्रविधिलाई देश सुहाउँदो रूपमा लागू गरी तीव्र आर्थिक सामाजिक विकास गर्न सक्ने क्षमतावान नागरिक रहने गरी विज्ञताको आधारमा मन्त्रीपरिषद् गठन गरिनेछ।

- **विषय विज्ञ मन्त्रीका लागि सांसद अनिवार्य नहुने**ः विषय विज्ञतालाई मूल आधार लिई मन्त्रीपरिषद् गठन गर्ने नीति अनुरूप मन्त्री पदमा चयन हुन संसदको सदस्य अनिवार्य नहुने प्रावधान लागू गरिनेछ। जनप्रतिनिधिमूलक शासन कायम गर्न र जनआवाजलाई प्रतिविम्वित गर्न मन्त्रिपरिषद्को कूल संख्यामा ५० प्रतिशत मन्त्री सांसदबाट हुने व्यवस्था गरिनेछ।

- **प्रदेश संरचना पुनरावलोकन र जिल्ला संरचना खारेज**ः आर्थिक गतिशीलता अभिवृद्धि गर्न र प्रशासनिक खर्च घटाउन प्रदेश संरचना पुनरावलोकन गरेर सामर्थ्य र प्रभावकारी प्रतिनिधित्व हुने व्यवस्था मिलाईनेछ। साथै संघीय संरचनामा खासै भूमिका नरहेका जिल्ला संरचना खारेज गरिनेछ। प्रदेशमा प्रत्यक्ष निर्वाचित कार्यकारी मुख्यमन्त्री रहने व्यवस्था मिलाइनेछ।

- **तीन तहबीच स्पष्ट अधिकार विभाजनः** संघीयता सवलीकरण हुनेगरी सामर्थ्य र विश्वव्यापी मान्यता र सिद्धान्त बमोजिम संविधानको अधिकारसम्बन्धी अनुसूचीमा हेरफेर गरी संघ, प्रदेश र स्थानीय तहबीचको स्पष्ट अधिकारको विभाजन गरिनेछ।

- **स्थानीय तहको संख्यामा पुनरावलोकनः** भूगोल, जनसंख्या, यातायातको सुगमता, प्राकृतिक श्रोतको उपलब्धता, सरकारी सेवा सुविधा पाइने केन्द्रहरूलाई हेरेर स्थानीय तह निर्धारण गर्ने मापदण्ड निर्माणका साथै स्थानीय तहको पुनःसंरचना गरिनेछ।

- **स्थानीय निर्वाचन दलविहीनः** स्थानीय विकासलाई गति दिन र विकासमा दलगत स्वार्थभन्दा साझा सहमति कायम गर्ने संस्कारको विकास गर्न स्वतन्त्र उम्मेदवारबीच मात्र प्रतिस्पर्धा हुने गरी स्थानीय तहको निर्वाचन हुने व्यवस्था मिलाईनेछ।

- **संवैधानिक आयोग सीमित र सुदृढः** कार्यपालिकाको हस्तक्षेपबाट मुक्त राख्न स्वतन्त्र निकायका रूपमा संवैधानिक आयोगहरूको भूमिकालाई सुदृढ गरिनेछ। विद्यमान संवैधानिक आयोगको कार्यक्षेत्रमा रहेको दोहोरोपनलाई हटाई अत्यावश्यक पर्ने सीमित संवैधानिक आयोग कायम गरिनेछ। साथै यस्ता आयोगहरूलाई प्रशासनिक तथा आर्थिक स्वतन्त्रता दिने व्यवस्था मिलाईनेछ।

- **मन्त्रालय र विभागको संख्यामा कटौतीः** सरकारलाई चुस्त र सक्षम बनाउन हाल कायम मन्त्रालय र विभागको संख्यामा उल्लेख्य कटौती गरी संघमा १५ मन्त्रालय तथा प्रदेशमा ५ देखि ७ वटा मन्त्रालय र आवश्यकता अनुसार विभागहरु पुनसंरचना गरिनेछ।

- **जिल्ला प्रशासन स्थानीय तहमा हस्तान्तरणः** सकारात्मक र नकारात्मक पक्षको अध्ययन गरी नागरिकको नजिक रहने स्थानीय सरकारको अनुभूती दिन जिल्ला प्रशासन कार्यालयका प्रशासनिक कामहरू स्थानीय तहमा हस्तान्तरण गर्ने र शान्ति सुरक्षा सम्बन्धी कामहरू केन्द्र र प्रदेशले हेर्ने गरी पुनःसंरचना गर्ने व्यवस्था मिलाइनेछ।

- **प्रत्यक्ष सेवा स्थानीय तहमाः** नागरिकलाई लोकतन्त्रको लाभांश प्राप्त गरेको अनुभूती गराउन प्रत्यक्ष सेवाप्रवाह गर्ने सबै निकायहरू स्थानीय तहमा हस्तान्तरण गरी नागरिकहरुलाई नजिकवाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ।

- **सिंहदरबारका कर्मचारी कटौतीः** कहिं कर्मचारीको घुँइचो कहिं अभावको अवस्था रहन नदिन सिंहदरबारमा केन्द्रित रहेका कर्मचारी कटौती गरी नागरिकको घरदैलोमा सेवा दिने स्थानीय तहलाई प्रशासनिक संघीयताको कार्यान्वयन गर्न सक्ने बनाउन स्थानीय तहमा खटाईनेछ । यसका लागि आवश्यक कानून संशोधन गरिनेछ।

- **अनावश्यक संरचना खारेजः** संघीय सरकारका मातहतमा रहेका विभिन्न विकास समिति बोर्ड, परिषद्, संस्थान र सचिवालयहरू जस्ता संरचना खारेजी, गाभ्ने तथा प्रदेश र स्थानीय तहबाट प्रशासनिक खर्च बढाउने गरी भएका नयाँ र कामको दोहोरोपना देखिएका संरचनाहरू खारेज गरिनेछ।

- **निर्वाचनमा विद्युतीय र पारदर्शी प्रक्रियाः** निर्वाचन प्रकृयालाई पारदर्शी बनाउन विद्युतीय मतदान, विदेशबाट मत दिन मिल्ने प्रबन्ध गर्दै राजनैतिक दलको आर्थिक कारोवारलाई पारदर्शी बनाइनेछ।

४.१ **शासकीय सुधार र सार्वजनिक सेवा प्रवाहः**

- **निजामति र न्यायिक सुधारः** निजामति सेवालाई चुस्त र प्रभाककारी बनाउन निजामती प्रशासनमा सचिवहरू ल्याटरल इन्ट्री र करार सेवाबाट ल्याउने व्यवस्था गरिनेछ। आवश्यक कानुन ल्याएर पाँच वर्षसम्म प्रयोगमा नआएका प्रचलित कानुनहरू स्वतः समाप्त हुने व्यवस्था गरिनेछ। साथै तीन वर्षभित्र बाँकी मुद्दा फछ्र्योट गरी अदालतको बक्यौता शून्यमा झार्ने प्रयास गरिनेछ। न्यायाधीशहरूको नियुक्ति ल्याटरल इन्ट्री (परीक्षा लिई) बाट गर्ने व्यवस्था गरी न्याय वितरणलाई प्रभावकारी बनाईनेछ।

- **सेवाप्रवाह एकीकृत रूपमा संचालन गर्न दोहोरो कार्यालयहरू खारेजः** कोष तथा लेखा नियन्त्रक कार्यालय, जिल्ला निर्वाचन कार्यालय र जिल्ला हुलाकको काम स्थानीय तहबाट गर्ने गरी नेटवर्क गभर्नेन्समार्फत् कार्य सम्पादन हुने व्यवस्था मिलाईनेछ।

- सेवा प्रदायक कार्यालयहरूमा कार्यालय प्रमुख र कर्मचारीसंगै बस्ने संरचना मिलाई सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाईनेछ। निर्णय तह घटाउन एकै स्थानबाट सबै निर्णय हुनेगरी सबै सेवाको स्ट्याण्डर्ड अपरेटिङ प्रोसिड्यूअर तयार गरी सेवा प्रदान गरिनेछ।

- सबै सरकारी सेवाहरूलाई अन्तर आवद्धतासहित डिजिटल सेवा प्रवाह गरी फेसलेस र सिमलेस सेवा प्रवाह गरिनेछ।

- नागरिकता ऐनमा संशोधन गरी नागरिकता र राष्ट्रिय परिचय-पत्रको दोहोरोपन हटाईनेछ।

- ४० प्रतिशत भन्दा बढी लागत साझेदारी रहेका बाहेकका विकास निर्माणका काम उपभोक्ता समितिबाट कार्यान्वयन गरिने छैन। साथै अनुदान सहायता, राजस्व छुट तथा मिनाहा, कानून बनाएर मात्र दिनेगरी पारदर्शिता कायम गरिनेछ।

### ४.२ प्रशासनिक रूपान्तरण– व्यवहारिक सुधारका प्रतिबद्धताहरू

**शासन विधिको**ः व्यक्ति योग्यता र क्षमताको

- निजामती सेवालाई नागरिक सेवा नामाकरण गर्नुका साथै सरकारी सेवा श्रेणीबाट तहगत प्रणालीमा रुपान्तरण गरिनेछ।

- कर्मचारी भर्ना, पदस्थापना, योग्यता र क्षमतामा आधारित हुने व्यवस्था मिलाईनेछ। केन्द्र, प्रदेश र स्थानीय तहमा विज्ञ सल्लाहकार परिषद् गठन गरी सेवानिवृत्त कर्मचारी र विज्ञको अनुभव सदुपयोग गरिनेछ। साथै योग्यता र क्षमताको परिभाषा गरिनेछ।

- परम्परागत प्रशासनको सट्टामा प्रविधिमैत्री नवीन प्रशासन अवलम्बन गर्दै कर्मचारी प्रशासनमा अनुमानयोग्य बढुवा प्रणालीमार्फत् बढुवा र चक्रीय तथा अनुमानयोग्य सरूवा प्रणाली, कामका आधारमा कार्यसम्पादन मूल्याङ्कन प्रणालीको अवलम्बन गर्दै कार्यसम्पादनमा नकारात्मक मूल्यांकनमा परेका कर्मचारीको स्वतः अवकाश हुने व्यवस्था हुने गरी प्रशासनलाई प्रभावकारी बनाईनेछ।

- निजामती सेवामा ५० बर्ष नाघेका र कार्यसम्पादन कमजोर भएका कर्मचारीहरूलाई स्वेच्छिक अवकासमा जाने व्यवस्था गरीनेछ । यसरी सेवा अवधि भन्दा अगावै अवकाश हुने कर्मचारीहरूलाई स्टार्टअप बिजनेसको लागि लगानीको व्यवस्था गरिनेछ ।

- सरकारी सेवालाई प्रभावकारी बनाउन निजामती कर्मचारी, शिक्षक र स्वास्थ्यकर्मी ट्रेड युनियनहरू दलगत नहुने ब्यवस्था गरिनेछ ।

- जनजनमा प्रविधि घरघरमा सेवा अवधारणा लागू गर्न स्थानीय भाषामा समेत डिजिटल नागरिक वडापत्र राख्ने प्रबन्ध गरी समयमै सेवा प्रवाह हुने सुनिश्चिताका लागि क्षतिपूर्तिसहितको नागरिक वडा-पत्र लागू गरिनेछ ।

- स्थानीयस्तरमा कर्मचारी खटाउँदा स्थानीय भाषा र संस्कृति जान्ने वा तिनलाई प्रशिक्षण दिएर मात्र खटाई साँस्कृतिक रूपमा सक्षम कर्मचारीतन्त्र निर्माण गरिनेछ ।

- सार्वजनिक प्रशासनलाई नैतिक र आचरणयुक्त बनाउन कानून र मापदण्ड बनाई लागू गरिनछे । साथै यसको सघन अनुगमन गर्न राष्ट्रिय सतर्कता केन्द्रलाई नैतिक आयोगको रूपमा पुनःसंरचना गरिनेछ ।

- **नागरिक हित र अन्तर्राष्ट्रिय सहयोग**ः ब्रिटिस गोर्खा सैनिकमा काम गरेको नेपालीहरूको विद्यमान नागरिकता/पेन्सनसम्बन्धी समस्या समाधान गर्ने पहल गरिनेछ । साथै वैदेशिक रोजागारीका शिलसिलामा विदेशमा अलपत्र परेका नेपाली दाजुभाईहरुलाई नेपाल सरकारकै खर्चमा नेपाल ल्याएर सम्बन्धित घरसम्म पुर्याउने व्यवस्था मिलाईनेछ ।

- **कर्मचारी कटौती र दोब्बर तलब**ः अनावश्यक कर्मचारी कटौती गरि निजामती कर्मचारीको क्षमता वृद्धिका साथै शतप्रतिशत पारिश्रमिक वृद्धि गरिनेछ ।

- **डिजिटल र सुशासनयुक्त सरकारी सेवा**ः प्रविधिमैत्री सरकारको अनुभूतीका लागि मानव संसाधन, सफ्टवेयर, हार्डवेयर, इन्टरनेट लगायतका प्रविधिको प्रयोगमार्फत् सरकारी सेवालाई चुस्त र प्रभावकारी बनाईनेछ । ७५३ वटै स्थानीय तहमा एकद्वार

प्रणाली पूर्ण कार्यान्वयन गरी २ वर्षभित्र कम्तीमा ९० प्रतिशत सरकारी सेवालाई डिजिटलाईज गरी डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गरिनेछ।

- **जवाफदेहिता र भ्रष्टाचार नियन्त्रणः** भ्रष्टाचार अन्त्य र जवाफदेहिता प्रवर्द्धनका लागि भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अपनाउँदै अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्ता निगरानी गर्ने निकायहरूलाई राजनैतिक प्रभाव मुक्त गरिनेछ। साथै, युवा सम्मिलित निगरानी संरचना गठन गरी भ्रष्टाचारको शिघ्र छानबिन गरी मुद्दा दायर गर्न अख्तियारलाई जिम्मेवार बनाईनेछ।

- **भ्रष्टहरूको सम्पत्ति राष्ट्रियकरणः** विगतमा सार्वजनिक पदमा रहेका व्यक्तिहरूको सम्पत्ति छानबिन गरी स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गरिनेछ।

- **१५ दिनमा तलवः** दुई वर्षभित्र प्रत्येक नीजि र अनौपचारिक क्षेत्रमा कार्यरत मजदुर तथा कर्मचारीलाई हरेक १५ दिनमा तलव भुक्तानी दिने कानुनी व्यवस्था मिलाईनेछ।

४.५ **संस्थागत सुधारः**

- **संवैधानिक आयोगका लागि छुट्टै सेवा आयोगः** संवैधानिक आयोगमा कर्मचारी नियुक्तिका लागि छुट्टै संवैधानिक सेवा आयोग गठन गरेर भ्रष्टाचारविरूद्ध सशक्त पाइला चालिनेछ। साथै विशिष्ट प्रकारका संवैधानिक आयोगहरूलाई आवश्यक पर्ने बजेट संसदको सिफारिसमा सोझै निकासा दिने व्यवस्था मिलाइनेछ।

- **न्यायिक स्वतन्त्रताः** न्यायाधीश नियुक्तिमा राजनीतिक हस्तक्षेपबाट मुक्त गर्न स्वतन्त्र व्यक्तिहरू संलग्न न्यायाधीश नियुक्ति सिफारिस आयोग लिखित परीक्षाका आधारमा नियुक्त गर्ने व्यवस्था लागू गरिनेछ।

## ५. उपलब्धीमूलक संघीयता, चुस्त र उत्तरदायी सरकार

नेपालको संघीय संरचनालाई प्रभावकारी बनाउन हाम्रो पार्टी पूर्ण प्रतिबद्ध छ। संघीयताको सफल कार्यान्वयनले समावेशी विकास, स्थानीय सशक्तीकरण र राष्ट्रिय एकतालाई मजबुत बनाईनेछ। विस्तृत योजना, क्षमता विकास र समन्वयमार्फत् संघीयतालाई जनमुखी बनाउने हाम्रो संकल्प रहेको छ।

- **संघीयता कार्यान्वयन तालिका:** संघीयता कार्यान्वयनका लागि विशेषज्ञ आयोग गठन गरी सरोकारवालाहरूसँग परामर्श लिई विस्तृत योजना तथा नियमित अद्यावधिक समयतालिका बनाई आगामी ५ वर्षभित्र संघीयता कार्यान्वन सम्पन्न गरिनेछ।

- **स्थानीय र प्रादेशिक क्षमता विकास:** स्थानीय तह तथा प्रदेश सरकारहरूको क्षमता अभिवृद्धिका लागि प्रशिक्षण कार्यक्रममार्फत् मानव संसाधन, वित्तीय व्यवस्थापन र लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा विशेष जोड दिईनेछ।

- **वित्तीय संघियताको सवलीकरण:** अन्तरसरकारी वित्तिय हस्तान्तरणलाई समतामूलक बनाउँदै प्रदेश तथा स्थानीय तहको आफ्नै राजस्व स्रोत बढाउने प्रणाली विकास गरिनेछ।

- **संघीयताको सवलीकरण:** तीन तहका सरकारबीचको अधिकार र जिम्मेवारीको दोहोरोपन हटाउन संविधानमा आवश्यक संशोधनका साथै कानून निर्माण गरी कार्यान्वयन गरिनेछ।

- **प्राकृतिक स्रोत व्यवस्थापन:** प्राकृतिक श्रोत र साधनहरु (नदी, वन तथा खानीहरू) को व्यवस्थापनमा संघ, प्रदेश र स्थानीयस्तरमा स्पष्ट नीति तयार गरी देशको आवश्यकताको आधारमा उपयोग गर्ने नीति लिईनेछ।

- **जातीय–क्षेत्रीय मुद्दा सम्बोधन:** प्रतिनिधित्वमूलक र चुस्त प्रदेश पुनर्संरचना गरिनेछ। साथै विशेष, संरक्षित वा स्वायत्त क्षेत्रहरू गठन गरी अल्पसंख्यकहरूको अधिकार तथा सुरक्षालाई सुनिश्चित गरिनेछ।

## ६. उज्यालो नेपाल पार्टीको परराष्ट्र नीति

प्रारम्भदेखि अविच्छिन्न सार्वभौमसम्पन्न स्वतन्त्र राष्ट्र नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको ऐतिहासिक विरासतलाई युगौंसम्म कायम राख्नु परराष्ट्र नीतिको निर्देशित पक्ष हुनेछ । नेपालको भौगोलिक अखण्डता, राजनीतिक स्वामित्व र सामरिक स्वायत्तता सुरक्षित राख्दै राष्ट्रिय सहमतिका आधारमा परराष्ट्र नीतिको तर्जुमा र

सञ्चालन गरिनेछ । नेपालको हितमा सम्बोधन गर्न दुवै छिमेकीहरुको सम्बन्धलाई आपसी संवेदनशीलतामा हेक्का राखेर विश्वास र सहयोग बृद्धि गर्दै समनिकटता कायम गरिनेछ। विश्वका सबै मित्र राष्ट्रहरूसँग साझा हितका मामलामा सहकार्य गर्दै हाल निर्माणाधीन रहेको नयाँ विश्व व्यवस्थालाई देशको सुरक्षा र आर्थिक विकासको सुनिश्चितता अनुकूल बनाइनेछ।

## ७. प्रतिस्पर्धी दलहरूप्रतिको नीति

उज्यालो नेपाल पार्टीले नेपालको वर्तमान राजनीतिक संकट–भ्रष्टाचार, युवा असन्तुष्टि, जेन-जी विद्रोह र अस्थिर गठबन्धनमा संलग्न मुख्य प्रतिस्पर्धी दलहरूप्रति व्यवहारिक, रचनात्मक र युवा-केन्द्रित दृष्टिकोण अपनाईनेछ । हामी पुराना अलोकतान्त्रिक, चरम दलीयता र वंशानुगत राजनीतिको स्पष्ट विकल्पका रूपमा उभिएका छौं । दलहरूका सकारात्मक योगदानलाई सम्मान गर्छौं । तर भ्रष्टाचार, अधिनायकवादी प्रवृत्ति, अवसरवाद र युवा तथा अन्य आन्दोलनमाथिको दमनप्रति विरोध गर्दै यी असफलताबाट राष्ट्रलाई उकास्ने संकल्प व्यक्त गर्छौं।

नयाँ राजनीतिक दलहरूमा राजनीतिक परिवर्तनलाई आत्मसात गरी छुट्टै पहिचान कायम गर्ने प्रयासहरू भएको र पुराना राजनीतिक संस्कारबाट मुक्त हुने अपेक्षा गरिए पनि देशलाई अब कुन दिशातर्फ लैजाने भन्ने बिषयमा स्पष्टता देखिएको छैन। मूलतः केही सुधार र परिवर्तन गरौं भन्ने हुट्हुटी भए तापनि नयाँ राजनीतिक दलहरूमा सैद्धान्तिक रुपमा स्पष्ट दृष्टिकोण नभएको, देशको भूगोल र सामाजिक तथा सांस्कृतिक संरचनालाई आत्मसात नगरेको तथा गुगलले चिनेको भूगोलले नचिनेको राजनीतिक नेतृत्वहरुको भूराजनीतिक सम्बन्धमा बुझाइमा कमी भएको कारण नेपालको समृद्धिका लागि परिपक्व र कामबाट प्रमाणित नेतृत्वको समेत अभाव खड्किएको छ।

## ८. विशेष सम्मान तथा राहत योजना

उज्यालो नेपाल पार्टीले निर्वाचनमा बहुमत प्राप्त गरी सरकार गठन गरेपछि हामी निम्न उल्लेखित कामहरू गर्दै देशको बृहत्तर हितमा योगदान गर्न प्रतिवद्ध छौं।

| उज्यालो नेपाल पार्टीको सम्मान तथा विशेष राहत योजना | |
|---|---|
| **जेन–जी शहीद परिवारलाई विशेष सम्मान र समर्थन** | स्वास्थ्य सेवा र रोजगारीमा प्राथमिकता दिनुका साथै जिल्लामा शहीद स्मृति कोष स्थापना गरी उहाँहरूको योगदानलाई अमर बनाउने इमान्दार प्रयास गरिनेछ। |
| **बैंक, लघुवित्त तथा सहकारी पीडितको समस्या समाधान** | बैंक, लघुवित्त तथा सहकारीका पीडितहरूको समस्या समाधान गर्न प्रतिवद्ध रहनेछौं। यसका लागि विशेष राहत कोष स्थापना गरी सो कोषबाट पिडितहरूलाई राहत दिने व्यवस्था मिलाइने छ। साथै लघुवित्त र सहकारी अनियमिततामा संलग्नहरूलाई कानुनी दायरामा ल्याई कडा भन्दा कडा कारवाही गरिने छ। |
| **मिटर ब्याज पीडितहरूलाई सहयोग** | मिटर ब्याज पीडितहरूलाई मूलधनभन्दा बढीको अवैध ब्याज माफी दिएर पुनस्थापना प्याकेजमार्फत समस्या समाधान गरिनेछ। साथै पिडकलाई कडा कानुनी कारवाही गर्ने व्यवस्था मिलाइनेछ। |
| **सुकुम्बासी समस्या समाधान** | अधिकार सम्पन्न आयोग गठन गरी ३ वर्षभित्र वास्तविक भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवास समस्या समाधान गरिनेछ। |
| **देशभर युवा स्वरोजगार अभियान** | नेपालभर युवा स्वरोजगार अभियान सञ्चालन गरी रोजगारी सिर्जना गरिनेछ। न्यून व्याजमा ऋण उपलब्ध गराउनुका साथै युवालाई सीप सिकाई रु ५ लाखसम्मको स्टार्टअप अनुदानबाट युवा उद्यमीहरूलाई आत्मनिर्भर बनाउने व्यवस्था गरिनेछ। |
| **आत्महत्या पीडित परिवारको स्थायी समाधान** | ऋणको मारबाट आत्महत्या गर्न बाध्य भएका परिवारलाई जीवनभर निःशुल्क स्वास्थ्य सेवा र सरकारी रोजगारीमा प्राथिमकिता दिने व्यवस्था मिलाइनेछ। |

## ९. समृद्धिको लागि विकास दशक

नेपालको हालको जीडीपी करिब ४५ अर्ब अमेरिकी डलर रहेको छ। मुलुकको आर्थिक विकालाई तिव्रता दिनका लागि **द्रूत विकास दशक** घोषणा गरी २०३० सम्ममा वार्षिक ९ प्रतिशत वृद्धि गर्दै कुलगार्हस्त करिव ७० अर्ब डलर पुऱ्याइने छ। त्यसपछि २०३५ सम्म १० प्रतिशत वृद्धिसहित करिव १११ अर्ब डलर पुऱ्याएर प्रति व्यक्ति आय करिव ४ हजार डलर पुऱ्याई मध्यम आय भएको मुलुकको स्तरमा उन्नति गरिनेछ।

९.१ **विकास छाता ऐन निर्माण**ः द्रुतविकासका लागि प्रचलित ऐन कानूनहरूमा समसामयिक सुधार गरी विकासमैत्री बनाइनेछ। साथै तिब्रगतिमा विकास कार्यलाई अगाडि बढाउन बाधक कानूनहरू संशोधन तथा खारेज गरी विकास सम्बन्धी छाता ऐन निर्माण गरिनेछ । आवश्यक परेमा नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय अभिसन्धीका प्रावधाहरूमा पुनरावलोकन गर्ने हदसम्मको पहल गरिनेछ । साथै प्रशासनिक प्रकृयागत जटिलता एवं निर्णय प्रकृयामा हुने ढिलासुस्तीको अन्त्यका लागि प्रशासनिक नेतृत्वलाई जवाफदेही बनाइनेछ।

९.२ **युवा स्टार्टअप–जनसांख्यिक लाभ उजागर**ः कृत्रिम बौद्धिकता (ए.आई.)लाई मानव कल्याण र समृद्धिको वाहक बनाउन ए.आई. साक्षरता अभिवृद्धि, प्रदेशस्तरमा एक्सिलेन्ट सेन्टर स्थापना, जनशक्ति विकास, पूर्वाधार निर्माण एवं कानूनी र संस्थागत प्रबन्ध गरी नवप्रवर्तन र उद्यमशीलता विकासमा केन्द्रित गरिनेछ। सार्वजनिक सेवा प्रवाहलाई सरलीकृत र भरपर्दो बनाउन डिजिटल ईको-सिस्टम निर्माण गर्दै सेवाप्रवाह सम्वद्ध प्रणालीहरूबीच अन्तरआवद्धता कायम गरिनेछ।

- **घर फर्कौं युवा अभियान**ः डायस्पोरामा रहेका ४० वर्षमुनिका नेपाली युवालाई **घर फर्कौं युवा अभियान**का लागि फास्ट-ट्र्याक व्यवसाय लाइसेन्ससहित रू १० अर्बको पुँजी कोष स्थापना गरी एक प्रतिशत व्याजमा ऋण उपलब्ध गराईनेछ।
- **स्टार्टअप अभियान (डिजिटल नोम्याड)**ः संसारभरका नवप्रवर्तन तथा प्रविधि क्षेत्रका युवाहरूलाई ५ वर्षे स्टार्टअप भिसा दिने व्यवस्था मिलाईनेछ। साथै रोजगार, स्वरोजगार, व्यवसायी, उद्यमी अभियानको सुरूवातसँगै १० अर्बको पुँजी कोष स्थापना गरी ५ प्रतिशत व्याजमा ऋण उपलब्ध गराईनेछ।
- **पाँच वर्षमा १० हजार युवा स्टार्टअप**ः युवालाई जलविद्युत्, उद्योग, प्रविधि, आई.टी. पर्यटनलगायत कृषिमा केन्द्रित गरि करिव १० स्टार्टअफ अवसर सिर्जना गरिनेछ।
- **युवा रकेट इन्जिन**ः नेपालका ४० प्रतिशत युवा जनसंख्या रकेट इन्जिन हुन् भन्ने मान्यतालाई मूर्तरूप दिने व्यवस्था मिलाईनेछ।

- देशभर युवा स्वरोजगार अभियानः नेपालभर युवा स्वरोजगार अभियान सञ्चालन गरी ५ लाख युवालाई सीप तालिम र रू. ५ लाखसम्म स्टार्टअप सहुलियतपूर्ण ऋण उपलब्ध गराएर युवा उद्यमीहरूलाई आत्मनिर्भर बनाईनेछ।

### ९.३ वित्तीय पहुँच, उद्यमशीलता

- **घरदैलो बैंक**ः स्थानीय तहका प्रत्येक वडामा बैंकिङ सेवा पुर्‍याउन स्थानीय तह र बैंक/वित्तीय संस्थासँग साझेदारी तथा वित्तीय साक्षरता अभियान सञ्चालन गरिनेछ।
- रिक्सा/ठेला चालक, दैनिक ज्यालामा काम गर्ने श्रमिकलाई उद्यमशीलता तालिमलगायत मागमा आधारित नवीन र बजार संकेतका आधारमा सीप तथा क्षमता विकास महाअभियान संचालन गरिनेछ। साथै गरिबी रेखामुनिका लागि स्थानीय सिफारिसमा व्याज अनुदान ऋण (बैंकले अधिकतम् ३ प्रतिशतमा व्याज) दिइनेछ। गरिवी निवारण कार्यक्रमलाई स्थानीय तहसँग समन्वय गरी दोहोरोपन रोकिनेछ।
- **विजनेस ईन्कुवेसन एण्ड एक्स्लेरेसन सेन्टर**ः नवउद्यमीलाई प्रोत्साहन गर्दै सबैखाले व्यवसाय गर्न चाहनेलाई सहजीकरण गर्न डुईङ बिजनेस ईन्डिकेटरमा सुधार गरी लगानीकर्तालाई आकर्षित गरिनेछ।
- **रेमिट्यान्सलाई उत्पादनमा रुपान्तरण**ः रेमिट फन्डबाट प्राप्त २० प्रतिशत विप्रेषण उत्पादन क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था मिलाईनेछ।
- **बैदेशिक व्यापार**ः नेपालको हालको निर्यातलाई बढाएर आगामी ५ वर्षभित्र करिव १० अर्ब डलर (प्रतिवर्ष) पुर्‍याएर उत्पादनलाई **मेड इन नेपाल** र **मेक इन नेपाल** ब्रान्डिङ गर्ने व्यवस्था मिलाईनेछ।
- **वित्तीय स्वच्छता**ः वित्तीय कारोवारलाई ट्र्याक गरी मुलुकलाई सम्पत्ति शुद्धीकरणको ग्रेलिस्टबाट हटाइनेछ। साथै मुद्दा फास्ट-ट्र्याकबाट निरूपण गर्ने व्यवस्था मिलाईनेछ।
- **उत्पादन क्षेत्रमा लगानी**ः उत्पादन तथा पूर्वाधार क्षेत्रमा प्रत्यक्ष, सार्वजनिक-निजी साझेदारी र हाईव्रीड एन्यूटि मोडल लगायत नवीन वित्तिय उपकरणबाट उत्साहजनक लगानी गर्ने व्यवस्था मिलाईनेछ।

## ९.४ नेपालको ऊर्जा क्रान्तिः निर्यातको बाटो

- हाल विद्युत उत्पादनको कूल जडित क्षमता करिव ४ हजार मेगावाट रहेको छ। आगामी २०३० भित्र १२ हजार मेगावाट र २०३५ सम्ममा करिव २५ मेगावाट पुर्‍याइनेछ।
- आगामी ५ वर्षभित्र उर्जा सुरक्षाको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिएका दुधकोशी (६७० मेगावाट), बुढीगण्डकी (१२०० मेगावाट), सुनकोशी-३ (६७८ मेगावाट), मुगुकर्णाली (१९०४ मेगावाट), पश्चिम सेती (८०० मेगावाट), तमोर (७०० मेगावाट), नौमुरे (२४५ मेगावाट), उत्तरगंगा (८०० मेगावाट), नलगाड (४१० मेगावाट) सेती नदी-६ (४०० मेगावाट) जस्ता जलासययुक्त आयोजनाहरु वित्तिय व्यवस्था गरी निर्माण शुरु गरिनेछ।
- कर्णाली चिशापानी (१० हजार ८०० मेगावाट) जलाशययुक्त जलविद्युत आयोजनाको विस्तृत अध्ययन सम्पन्न गरी लगानीको ढाँचा तयार गरिनेछ। यस्ता बहुउद्देशीय आयोजनाहरु अगाडि बढाउँदा तल्लो तटीय फाइदा र जोखिमलाई समेत ध्यान दिइनेछ।
- नेपाल-भारतबीच लामो समयसम्म छलफलमा रहेको पञ्चेश्वर जलासययुक्त जलविद्युत आयोजना आवश्यक कुटनीतिक र राजनीतिक पहलगरी असहमतिका विषयहरू टुंग्याएर आगामी ५ वर्षभित्र निर्माण शुरू गरि १० वर्षभित्र निर्माण सम्पन्न गरिनेछ।
- जनताको जलविद्युत कार्यक्रम अर्न्तगत अप्पर अरूण (१०६३ मेगावाट), किमाथांका अरुण (४५० मेगावाट), चैनपुरसेती (२१० मेगावाट) जस्ता आकर्षक आयोजनाहरु स्वदेश र विदेशमा रहेका नेपालीहरूको सेयर तथा स्वदेशी वित्तिय संस्थाहरूको लगानीमा निर्माण गरिनेछ।
- कुल विद्युत उत्पादनको कम्तीमा ३० प्रतिशत सौर्य विद्युत उत्पादन गरिनेछ। साथै विद्युत उत्पादनको लागि सकेसम्म सिंचाईको नहर, खेती नहुने जमीन, रुखविरूवा नभएका सरकारी जमीन प्रयोग गरिनेछ। आगामी ५ वर्षभित्र ३ हजार मेगावाट र १० वर्षभित्र ६ हजार मेगावाट सौर्य विद्युत उत्पादन गरिनेछ।

- आगामी ५ वर्षभित्र पूर्व-पश्चिम ४०० के.भी. प्रशारण लाइन र उत्तर-दक्षिण नदी करीडोर ४००/२२० के.भी. प्रशारण लाइनहरूको निर्माण सम्पन्न गरिनेछ। हाल करिव ६,५०० सर्किट कि.मी. प्रशारण लाइन चालु रहेकोमा आगामी ५ वर्षभित्र करिव १० हजार सर्किट कि.मि. र १० वर्षभित्र १५ हजार सर्किट कि.मि. प्रशारण लाईन निर्माण गरी चालुगरिने छ।
- विद्युत सवस्टेसन क्षमता हाल करिव १४ हजार एम.भी.ए. रहेकोमा आगामी ५ वर्षभित्र २० हजार एम.भी.ए. र १० वर्षभित्र ३७ हजार एम.भी.ए. पुर्याइनेछ।
- नेपाल र भारतबीच बुटवल-गोरखपुर, इनरूवा-पूर्णिया, दोदधारा-वरेली ४०० के.भी. तथा चमेलिया जौलजीवि २२० के.भी. प्रशारण लाईनहरू आगामी ५ वर्षभित्र सम्पन्न गरिनेछ। लमही-लखनउ, अनारमनि-किसनगंज, नीजगढ-मोतिपुर जस्ता ४०० के.भी. अन्तरदेशीय प्रशारण लाईनहरू २०३५ भित्र निर्माण सम्पन्न गरिनेछ। यी लाइनहरू सम्पन्न भएपछि नेपाल-भारतबीच २० हजार मेगावाट भन्दा बढी विद्युत निर्यात गर्ने क्षमता विस्तार हुनेछ।
- नेपाल-चीनबीच चिलिमे-रसुवागढी-केरूङ २२० के.भी. प्रशारणलाइन आगामी ५ वर्षभित्र र अरूण-किमाथांका-सिगात्से ४०० के.भी. प्रशारणलाइन २०३५ भित्र निर्माण सम्पन्न गरिनेछ। यसले गर्दा नेपाल-चीनबीच ३ हजार मेगावाट भन्दा बढी विद्युत आयात निर्यात गर्न सकिनेछ।
- नेपाल-भारतबीच हाल वर्षायाममा करिव १२ सय मेगावाट विद्युत निर्यात भएकोमा २०३० सम्ममा तत्कालिन, मध्यकालिन र दीर्घकालिन विद्युत व्यापार सम्झौता बमोजिम करिव ५ हजार मेगावाट र २०३५ भित्र १० हजार मेगावाट विद्युत निर्यात गर्ने व्यवस्था मिलाइनेछ।
- नेपाल-बंगलादेश बीच हाल ४० मेगावाट विद्युत निर्यात भैरहेकोमा २०३० भित्र एकहजार मेगावाट र २०३५ भित्र ५ हजार मेगावाट निर्यात गर्ने व्यवस्था मिलाइनेछ।

- नेपाल-चीनबीच २०३० भित्र करिव ७०० मेगावाट र २०३५ भित्र ३ हजार मेगावाट विद्युत निर्यात गर्ने व्यवस्था मिलाइनेछ।
- भारत र श्रीलंकाबीच ४०० के.भी. प्रशारणलाईन निर्माण सम्पन्न भएपछि नेपालको जलविद्युत श्रीलंकासम्म निर्यात गर्ने व्यवस्था गरिनेछ।
- अन्तरदेशीय विद्युत व्यापारको लागि नीजि क्षेत्रलाई पनि सहभागी गर्नेगरी आवश्यक कानुन संसोधन गरिनेछ।
- विद्युत उत्पादनको लक्ष पूरा गर्न नीजि क्षेत्रसँग विद्युत खरिद सम्झौता गर्ने कार्य खुल्ला गरिनेछ।
- उर्जा क्षेत्रको द्रुत्तर विकासको लागि उत्पादन, प्रशारण, वितरण, व्यापार एवं प्रणाली सञ्चालन अलग-अलग रहने गरी संस्थागत पुनसंरचना गरिनेछ।
- विद्युत खपत बृद्धिगर्न औद्योगिक एवंम् घरेलु विद्युत खपत बृद्धिगर्ने र विद्युतीय गाडी, विद्युतीय चुल्हो, डाटा सेन्टर, डाटा माइनिङ आदिलाई प्रोत्साहित गर्ने नीति ल्याइनेछ। सरकारी र नीजि क्षेत्रको संयुक्त लगानीमा देशभर १० हजार चार्जिङ स्टेसन स्थापना गरिनेछ। २०३० भित्र विद्युत खपत हालको भन्दा दोब्बर बृद्धि भै प्रतिव्यक्ति विद्युत खपत करिव ८०० युनिट र २०३५ भित्र विद्युत खपत चारगुनाले बृद्धि भै प्रति व्यक्ति खपत १५०० युनिट पुर्‍याइने छ।
- विद्युतीय संरचनालाई व्यवस्थित एवं भूमिगत बनाई सहरी सुन्दरता बढाइने छ। साथै विद्युतीय दुर्घटनाबाट सुरक्षित हुने व्यवस्था मिलाइनेछ।
- गुणस्तरीय एवम् भरपर्दो विद्युत हरेक नेपालीको घरघरमा पुर्‍याइनेछ।
- देशभित्र उत्पादित जलविद्युत प्रयोग गरी हरित हाइड्रोजन उत्पादनको लागी आवश्यक नीति तथा कानुन बनाई हरित हाइड्रोजन, हरित एमोनियाँ तथा हरित रासायनिक मल उत्पादन गर्ने एउटा पाइलट प्रोजेक्ट आगामी ५ वर्षभित्र सम्पन्न गरिनेछ। रासायनिक मलको परनिर्भरतालाई अन्त्य गर्न व्यवसायिक स्केलको रासायनिक मल उत्पादन केन्द्र आगामी १० वर्षभित्र स्थापना गर्नेगरी काम अगाडी बढाइनेछ। साथै हरित एमोनियाँ उत्पादन गरी निर्यात गर्ने नीजि क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

- उर्जा क्षेत्रमा माथि उल्लेखित लक्षहरु पूरा गर्न आवश्यक लगानीका लागि निजी क्षेत्र, सर्वसाधारणको सेयर, सरकारी एवम् नीजि वित्तिय संस्थाहरू, विकास साझेदार संस्थाहरू, सहयोगी देशहरूबाट प्राप्त द्विपक्षीय एवम्, सहयोग आदिबाट जुटाइनेछ।

- १५ हजार मेगावाट विद्युत निर्यात गर्दा प्रतिवर्ष करिव ८ खर्व रुपैयाँ बरावरको विदेशी मुद्रा आर्जन हुने र देशभित्र विद्युत खपत बढाई पेट्रोल, डिजेल-ग्याँस आयात प्रतिस्थापन हुँदा करिव २ खर्व रुपैयाँ बरावरको विदेशी मुद्रा बचत हुने हुँदा प्रतिवर्ष १० खर्ब रुपैयाँ बचत हुन जानेछ। यसबाट व्यापार घाटा कम हुने र विदेशी मुद्राको संचिति बढ्दैजानेछ। साथै जलविद्युत आयोजनाहरू सञ्चालनमा आएको २५ देखि ३० वर्षमा सरकारलाई विद्युत आयोजना फिर्ता गर्नुपर्ने हुँदा विपन्न जनतालाई निःशुल्क र अन्य ग्राहकलाई सहुलियतमा विद्युत उपलब्ध गराउन सकिनेछ। आगामी १० वर्षभित्र २५ हजार मेगावाट विद्युत उत्पादन गरी निर्यात गर्दा शिक्षा, स्वास्थ्य र सार्वजनिक यातायात समेतलाई निःशुल्क बनाई पूर्वाधारमा लगानी बढाउन सक्ने रकम जलविद्युत निर्यातबाट प्राप्त हुनेछ।

- प्रत्येक नागरिकलाई प्राथमिक सेयर मूल्यमा कम्तिमा १ हजार कित्ता जलविद्युत आयोजनाको सेयर उपलब्ध गराइनेछ । साथै बैदेशिक रोजगारीमा गएका नेपालीका लागि थप १ हजार कित्तासमेत गरी कम्तिमा २ हजार कित्ता प्राथमिक सेयर पाउने व्यवस्था मिलाइनेछ।

### ९.५ कृषि क्रान्तिः व्यवहारिक प्रतिवद्धता

- **एकीकृत सेवा**: प्रत्येक वडामा एकीकृत कृषि विकास केन्द्र स्थापना गरी साना किसान केन्द्रित भेटेनरी, प्राविधिक र बजार सेवा किसानको घरदैलोसम्म पुऱ्याईनेछ। कृषि क्षेत्रमा सहज र सरल कृषि कर्जा उपलब्ध गराईनेछ। साथै कृषकको आवश्यकता अनुसार सेवा उपलब्ध गर्ने व्यवस्था मिलाईनेछ।

- **बढ्दो उत्पादन लागतमा कमी**: १० वर्षभित्र एउटा रासायनिक मल कारखाना सञ्चालन गरी उत्पादित मल विक्रिमा ५० प्रतिशत अनुदानका साथै पशु दाना उत्पादनमा ४० प्रतिशत बढाई दानामा आत्मनिर्भरता बढाईनेछ।

- **कृषि भूमिको खण्डीकरण नियन्त्रण र चक्लाबन्दी**: भूमी चक्लाबन्दी गरी भूमि बैंकमार्फत् १ लाख हेक्टर पुनर्संरचना गरी न्यायोचित भूमी वितरण सुनिश्चित गरिनेछ। साथै उपयुक्त वैज्ञानिक सुधार अन्तर्गत भूमिसुधार कार्यक्रम लागू गरी कृषक र भूमिहीनलाई जमीनमाथिको पहुँच स्थापित गरी भूमिको न्यायोचित वितरण गरिनेछ।

- **कृषि एम्बुलेन्स सेवा**: कृषि एम्बुलेन्स सेवा आरम्भ गरी ५०० एम्बुलेन्समार्फत् १ लाख किसानलाई लाभान्वित गर्ने तथा विद्यमान कृषिजन्य वस्तु निर्यात ५० प्रतिशतले बढाईनेछ।

- **उत्पादन तथा उत्पादकत्वमा सुधार**: औसत उत्पादकत्व ३० प्रतिशत वृद्धि गर्न १ लाख हेक्टरमा उच्च जातका बिउबिजन वितरणका साथै ५० प्रतिशत जैविक मल अनुदान दिईनेछ। आधुनिक प्रविधि, सिँचाइ र बजारीकरण प्रणाली सुधार गरी कृषिलाई व्यवसायिक र निर्यातमुखी बनाईनेछ।

- **बाँझो जमिनको उपयोगमा जोड**: बाँझो जमिन २० प्रतिशत घटाएर ५० हजार हेक्टरमा करार खेती गर्न १ लाख युवालाई ऋण उपलब्ध गराईनेछ।

- **बजार तथा बजारीकरणको प्रबन्ध**: प्रत्येक जिल्लामा कृषि बजार केन्द्र र भण्डारण सुविधा बढाएर किसानको लागत मूल्यमा २० प्रतिशत वृद्धिगर्ने व्यवस्था गरी कृषि उपजको न्यूनतम् समर्थन मूल्य कायम गरिनेछ।

- **कृषिप्रतिको युवा विकर्षणबाट आकर्षण तर्फ**: ५ लाख युवालाई कृषक बन्न उत्प्रेरणा दिएर ५ अर्बको स्टार्टअप कोष, १ लाखलाई तालिम तथा ऋण दिने व्यवस्था मिलाईनेछ। कृषि तथा पशुपालनमा बिमा प्रभावकारी रूपमा लागू गरिनेछ।

- **जलवायु परिवर्तनको असर न्यूनीकरण**: कृषि क्षेत्रमा जलवायु अनुकुलनलाई उच्च प्राथमिकतामा राखि जलवायु उत्थानशील प्रविधि, विउप्रवर्द्धन, कृषि विमा सुनिश्चितता गर्दै कृषिको आय बृद्धि गरिनेछ।

- **किसान समृद्धि**: किसानको उत्पादन खरिदको सुनिश्चितताका लागि खाद्य व्यापार कम्पनी पुनर्संरचना गरिनेछ। साथै पहाडी क्षेत्रमा व्यवसायिक रूपमा कुखुरा,

राँगा, सुँगुर, बाख्रापालन केन्द्र (प्रत्येक सम्भावित जिल्लामा २ वटा) स्थापना गरिनेछ। क्षेत्रगत विशेषता अनुसार उच्च मूल्य भएका कृषि उत्पादन (जस्तै, जडिबुटी, चिया, कफी, फलफूल आदि) को उत्पादन र निर्यात गर्ने व्यवस्था मिलाईनेछ। राज्यले कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य र बजारको ग्यारेन्टी गरी एकाधिकारको अन्त्य गरिनेछ।

- **कृषिमा अनुसन्धान तथा प्रविधि विस्तारः** कृषि क्षेत्रमा अध्ययन र अनुसन्धानमा पर्याप्त बजेट व्यवस्था गरी १० वटा थप अनुसन्धान केन्द्र स्थापनासँगै माटो परीक्षण गर्ने व्यवस्था गरिनेछ।
- **कृषि र दुग्ध विकासः** दुग्ध उत्पादनलगायत हाइभ्यालु क्रप (जस्तै किवी, अवोकाडो, यार्सागुम्बा जस्ता) को व्यवस्थित बजारीकरण गरी २०३० सम्म दुग्ध उत्पादनलाई हालको १.८ लाख टनबाट बढाएर २.५ लाख टन पुऱ्याएर किसानको आम्दानी दोब्बर गरिनेछ। साथै कृषकहरुबाट उत्पादित अन्नवालीहरूलाई परल मूल्यमा अधिकतम् २० प्रतिशत मुनाफा हुनेगरी खरिद गर्ने व्यवस्था मिलाईनेछ।
- व्यवसायिक कृषि गर्ने किसानको लागि माछापालन, च्याउ उत्पादन, कुखुरा पालन, बाख्रा पालन जस्ता कार्यका लागि सहुलियतपूर्ण विद्युत महशुल कायम गरिनेछ।
- कृषि सिंचाइको लागि प्रयोगहुने विद्युत निशुल्क दिने व्यवस्था गरिनेछ।

### ९.६ औद्योगिक विकासः

- **द्रूत आर्थिक वृद्धिको इन्जिनः** उद्योगलाई इण्डष्ट्री ४.० (स्वचालित कृतिम बौद्धिकता समेत प्रयोग हुने खालका उद्योगहरु जसलाई ईण्डष्ट्रिज ४.० भनिन्छ) अनुरूप रुपान्तरण गर्दै बौद्धिक सम्पत्ति संरक्षणमार्फत् अनुसन्धानमैत्री वातावरण बनाईनेछ। स्थानीय सम्भाव्यतामा औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र ग्राम स्थापना गरिनेछ। निजी क्षेत्रसँग सहकार्य गरी पूर्वाधार विकास गर्दै कूटनीतिक पहलमार्फत् हवाई-स्थल-जल कनेक्टिभिटी बढाई व्यवसाय लागत घटाईनेछ।
- **लगानी र रोजगारी सिर्जनाः** उत्पादनमूलक उद्योगमा वैदेशिक लगानीका लागि जग्गा-वित्त र वातावरण सेवा एकद्वारबाट सरलीकृत गर्दै द्विपक्षीय सम्झौता

गर्ने व्यवस्था गरिनेछ । गैरआवासीय नेपाली पूँजी र सीपलाई उत्पादनसँग जोडेर **फर्क फर्क स्वदेशमै** कार्यक्रम सञ्चालन गरी रोजगारी सिर्जना गरिनेछ। नवीनप्रविधि, वित्त पहुँच र क्षमता विकास कार्यक्रम चलाईनेछ।

- **खनिज-प्राकृतिक साधनमा आधारित उद्योग र निर्यात**ः बहुमूल्य पत्थर, तामा, फलाम, पेट्रोलियमजस्ता खनिज र जडिबुटी, अल्लो, चिया-कफीलगायत उच्चमूल्य वस्तुको उत्पादन-प्रशोधनमा जोड दिई निर्यात वृद्धि गरिनेछ । विद्युतीय व्यापार प्रवर्द्धन, मूल्यश्रृङ्खला एकीकरण र विश्व व्यापार संगठनसँग राष्ट्रहित अनुकूल सम्झौतामार्फत् आर्थिक कूटनीति बलियो बनाईनेछ।

- **प्राकृतिक स्रोतको व्यावसायिक उपयोग**ः वनजन्य स्रोत र बनपैदावार (काठ, ढुंगा, माटो, बालुवा) लाई राजस्वको मुख्य स्रोत बनाएर राष्ट्रिय हितमा प्रयोग गरिनेछ। साथै दैलेखको ग्याँसबाट औद्योगिक उत्पादन र हिमाली यार्सागुम्बाको बजारीकरण गरी राजस्व वृद्धि गरिनेछ।

- **स्वदेशी उत्पादन**ः स्वदेशी उत्पादन प्रोत्साहन गरी राष्ट्रसेवक, विद्यार्थीलगायत सेना तथा प्रहरीका पोशाक स्वदेशमै उत्पादन गरिनेछ। गरिबी निवारणका लागि लघु उद्यम र स्थानीय उद्यममा आधारित आर्थिक विकास कार्यक्रम सघन लागू गरिनेछ । साथै रक्सी, छुर्पी, घिउ जस्ता स्थानीय उत्पादनहरूलाई प्रवर्द्धन गरी बजारीकरण गरिनेछ।

**९.७ पर्यटनः समृद्धिको उज्यालो मार्ग**ः पर्यटन क्षेत्रको पूर्वाधारमा देखिएको प्रचार अभाव, प्रशासनिक जटिलता र पर्यावरणीय जोखिम सम्बोधन गर्न यथार्थपरक र तत्काल कार्यान्वयन योग्य उपायहरू प्रस्तुत् गरिएको छ। यी उपायहरू स्थानीयदेखि संघीयस्तरसम्म लागू गरी पर्यटनलाई वर्षभरी चल्ने राष्ट्रिय ब्राण्ड बनाई रोजगारी सिर्जना र आर्थिक उन्नति गरिनेछ। नेपाल प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र साहसिक गन्तव्य भएको हुनाले सन् २०३० सम्म वार्षिक २० लाख र सन् २०३५ सम्म ५० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित निम्न प्राथमिकतायुक्त रणनीतिहरू कार्यान्वयन गरिनेछः

- **पूर्वाधार र पर्यटन प्रवर्द्धनः** नेपाल एयरलाइन्सलाई विश्व बजारमा पुर्याउनुका साथै लुम्बिनी र पोखरा विमानस्थलको व्यावसायिक उडान गर्ने व्यवस्था मिलाईनेछ।

- **पर्यटन गन्तव्य विकास र प्रवर्द्धनः** नेपालको अद्वितीय प्राकृतिक सम्पदा र भौगोलिक एवं सामाजिक विविधतालाई विश्वबजारमा ब्राण्डिङ्ग गरी उदीयमान तथा स्थापित पर्यटकीय सेवा, वस्तु तथा गन्तव्यको पहिचान, विकास र विविधिकरण गरिनेछ।

- **पर्यटन ब्रान्डिङः** नेपाललाई ३६५ दिन पर्यटन गन्तव्य का रूपमा अन्तर्राष्ट्रिय बजारमा ब्रान्डिङ गरी आक्रामक प्रचार-प्रसार गरिनेछ।

- **एकद्वार डिजिटल सेवाः** भिसा, ट्रेकिङ, आरोहण अनुमतिलगायत शुल्क, दस्तुर र रोयल्टी तिर्ने सबै प्रक्रियालाई अनलाइन तथा एकद्वार प्रणालीमा ल्याईनेछ।

- **आरोहण शुल्क पुनरावलोकनः** सगरमाथा लगायत अन्य हिमालको आरोहण शुल्क ३० प्रतिशत कम गरी राजस्व घाटा पूर्तिका लागि अनुगमन सहित पर्यटन बीमा अनिवार्य गरिनेछ। आरोहणसम्बन्धी समयानुल बनाइनेछ।

- **हवाई यातायात सुधारः** स्वदेशी-विदेशी हवाई सेवा प्रदायकसँग सहकार्य गरी सबै विमानस्थललाई बुटिक एअरपोर्टका रूपमा विकास गरिनेछ। विदेशी पर्यटकलाई लाग्ने भ्याट हटाउने लगायत स्वदेशी-विदेशी यात्रुका लागि समान भाडादर कायम गरिनेछ।

- **माईस टुरिजमः** नेपाललाई विवाह समारोह गन्तव्य, हिमाल लक्षित पर्यटकीय गन्तव्य, मिटिङ, ईन्सेन्टिभ, कन्फरेन्स एण्ड एक्जिविसन (माईस) र खेल पर्यटन हबको रूपमा विकास गरिनेछ।

- **पूर्वाधारहरूको विकास मार्फत पर्यटन हबको विकासः** देशका विभिन्न क्षेत्रको पर्यटकीय सम्भावना पहिचान गरी पर्यटन हब, करिडोर र पोडवे निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ। सडक, विमानस्थल, केबलकार लगायतका पूर्वाधारलाई विस्तार एवं स्तरोन्नति गरिनेछ। ग्रेट हिमालय ट्रेल र जलयात्रा जस्ता साहसिक पर्यटन सम्वद्ध पूर्वाधार निर्माणमा जोड दिंदै यसबाट

जीवनपर्यन्त अनुभव दिलाई विश्व बजारमा नेपाललाई साहासिक गन्तव्यको रूपमा परिचित नाम हुनेगरी कार्यक्रमलाई अगाडि बढाईनेछ।

- **दक्ष र उन्न जनशक्ति विकास**: पाँच वर्षभित्र पोखरा र काठमाडौंमा १० हजार युवालाई होटल म्यानेजमेन्ट र गाइड तालिमको व्यवस्था गरिनेछ। नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानलाई (डिम्ड युनिभर्सिटी) को रूपमा विकास गरिनेछ।
- **धार्मिक पर्यटन विस्तार**: नेपालका प्रमुख धार्मिक स्थलहरूलाई अन्तर्राष्ट्रिय गन्तव्य बनाउन साझेदारी गरिनेछ। बुद्ध सर्किट, रामायण सर्किट, पद्मसम्भव परिपथ, मुन्धुम पदयात्रालगायत विशिष्ट पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सहकार्य गरिनेछ।
- **पर्यटनबाट स्थानीय वासिन्दालाई लाभ**: पदमार्ग तथा ग्रामीण वस्तीहरूमा होमस्टे संचालन गर्न नीतिगत प्रोत्साहन दिईनेछ। पर्यटकीय गतिविधिमा स्थानीय उत्पादन उपयोग गर्ने नीति अवलम्वन गरिनेछ।
- **आरोग्य, योग तथा अध्यात्म पर्यटन**: पर्यटनको नवीन आयाम र मौलिक पर्यटन विस्तारको क्षेत्रको रूपमा योग तथा अध्यात्म विकास गरिनेछ।
- **खेल पर्यटन**: खेलकुदको क्षेत्रमा पूर्वाधारहरुको विकास गरी विश्वस्तरमा हुने प्रतिष्पधहरुलाई नेपालमा गराउने व्यवस्था मिलाइने छ। नेपाललाई विश्वस्तरमा स्वतन्त्र खेलस्थलको रुपमा विकास गरिने छ।

९.८ **शिक्षा क्रान्ति–समस्याबाट समाधानतर्फ**: शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू र उज्यालो नेपाल पार्टीको घोषणा-पत्रमा उल्लेखित ठोस प्रतिबद्धताहरू संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ। यी बुँदाहरूले कम साक्षरता, ड्रपआउट, पूर्वाधार अभाव जस्ता समस्यालाई लक्षित गर्दै ३-५ वर्षका लागि मापनयोग्य लक्ष्यहरू निर्धारण गरिएका छन्:

- **शिक्षामा संरचनागत परिवर्तन**: प्राविधिक र व्यावसायिक सीपमुखी शिक्षा लागू गरिनेछ। प्रत्येक प्रदेशमा बहुप्राविधिक शिक्षालय संचालनमा ल्याईनेछ। सरकारी र गैरसरकारी क्षेत्रको साझेदारीमा राष्ट्रिय रोजगारी तथा सीप विकास

महाअभियान तथा अनौपचारिक क्षेत्रमा कार्यरत कामदारको सीप परीक्षण गरी स्तरोन्नति गरिनेछ। +२ देखि व्यावसायिक पढाई गरी ५० प्रतिशत अनिवार्य रोजगारमुखी पाठ्यक्रमको व्यवस्था मिलाईनेछ।

- **शैक्षिक उन्नयन**: शैक्षिक संस्थाको नक्साङ्कन र समायोजन गरी विद्यार्थी संख्या न्यून भएका स्थानहरूमा भर्नादर वृद्धिका साथै गुणस्तरीय शिक्षा प्रदान गर्न यातायात सुविधा सहितको **ठूला विद्यालय** को अवधारणा लागू गरिनेछ। साथै मौसमी विषमता भएका स्थानहरूमा पठनपाठनलाई निरन्तरता दिन **आवासीय विद्यालय** संचालन गरिनेछ।
- **मर्यादित शिक्षक पेशा**: शिक्षालाई मर्यादित बनाई मनोबल उठाउने र नागरिकको पहिलो छनोटको पेशाको रूपमा विकास गर्दै विश्वविद्यालयलाई अनुसन्धानमुखी बनाई नीति, योजना र सिर्जनाको केन्द्रको रूपमा विकास गरिनेछ।
- **शैक्षिक क्यालेण्डर**: शैंक्षिक क्यालेण्डर अनिवार्य रूपमा लागू गराई समयमै अध्ययन सम्पन्न गरी परीक्षाफल प्रकाशित गर्ने सुनिश्चित गरिनेछ।
- **शिक्षक व्यवस्थापन**: पाँच वर्षमा १ लाख शिक्षकलाई आवधिक तथा पुनर्ताजगी तालिम संचालन गरी प्रभावकारी शिक्षणलाई प्रोत्साहन गरिनेछ।
- **पढाई र कमाई सँगसँगै**: विद्यार्थीलाई उद्यमशील, सीपयुक्त र आत्मनिर्भर बनाउन **पढ्दै कमाउँदै र कमाउँदै पढ्दै** कार्यक्रम प्रभावकारी रूपमा लागू गरिनेछ।
- **कम साक्षरता दर र गुणस्तरीय शिक्षा**: पाँच वर्षमा आधारभूत साक्षरता सत् प्रतिशत पुर्‍याउन शिक्षक तालिमको लागि पाठ्यक्रम परिवर्तन गरी सिकाई नतिजा सुधार गरिनेछ।
- **उच्च ड्रपआउट दर (बालिका–दलित)**: पाँच वर्षमा ड्रपआउट २ प्रतिशतमा झार्न ५ लाख छात्रवृत्ति, ९८ प्रतिशत नामाङ्कन गराउने व्यवस्था मिलाईनेछ। साथै बालबालिकालाई विद्यालयमा **ल्याउने, सिकाउने, टिकाउने अभियान** चलाईनेछ।
- **पूर्वाधार सुधार (कक्षाकोठा/शौचालय)**: शिक्षण सिकाइलाई प्रयोगात्मक र रचनात्मक बनाउन संचार प्रविधिको उच्चतम् उपयोगबाट स्मार्ट डिजिटल

पूर्वाधार, बहुविधायुक्त पुस्तकालय, विज्ञान प्रयोगशाला, खानेपानी, शौचालय लगायतका पूर्वाधार निर्माण गरी स्मार्ट प्रविधियुक्त र वृक्षारोपण सहितको स्वच्छ र हरित विद्यालयको रुपमा विकास गरिनेछ।

- **पाठ्यपुस्तक/सिकाई सामग्रीः** पाँच वर्षमा सत्प्रतिशत डिजिटल पुस्तकालयको व्यवस्था मिलाएर ७० लाख विद्यार्थीमा पहुँच बढाईनेछ।

- **निजीकरण र व्यापारीकरणः** पाँच वर्षमा सार्वजनिक विद्यालयमध्ये २० प्रतिशतलाई उत्कृष्टताको केन्द्र बनाईनेछ।

- **विश्वविद्यालयमा राजनीतिकरणको अन्त्यः** विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति हुने व्यवस्थाको अन्त्य गर्न कानुन संशोधन गरिनेछ । साथै विश्वविद्यालयमा दलीय विद्यार्थी यूनियनको अन्त्य गरी पदाधिकारी नियुक्तिका लागि स्वायत्त सर्च कमिटी बनाएर योग्यता प्रणाली सुनिश्चित गरिनेछ।

- **विद्यालय शिक्षामा राजनीतिकरण र अनुशासनहीनताको नियन्त्रणः** विद्यालयका प्रधानाध्यापकलाई उत्तरदायी बनाएर विद्यालय व्यवस्थापन समितिलाई सल्लाहकार समिति बनाउने कानुनी व्यवस्था गरिनेछ। निजी र सामुदायिक विद्यालयबीचको सिकाई उपलब्धिको खाडल कम गर्न निजी विद्यालयलाई मापदण्ड अनुसार नियमन गरी सेवामूलक बनाईनेछ। सामुदायिक विद्यालयको नतिजा सुधार गर्न उपयुक्त सुपरिवेक्षण र विद्यालय एवं स्थानीय तहको क्षमता विकासमा जोड दिईनेछ।

- **रचनात्मक अध्ययन विधिको उपयोगः** कृत्रिम बौद्धिकता र सूचना प्रविधि समेतका नवीनतम् प्रविधिसँग अभ्यस्त बनाउन विद्यालय तहदेखि नै विज्ञान प्रविधि इन्जिनियरिङ्ग र गणितको दृष्टिकोणसहितको अध्ययन विधि अवलम्वन गरिनेछ।

- **अध्ययन, अन्वेषण र अनुसन्धानमा लगानीः** अनुसन्धान तथा विकास क्षेत्रमा देशको पूँजीगत बजेटको ३ प्रतिशत अंश छुट्टयाई सोबाट प्राप्त नतिजालाई नवप्रवर्तन र उद्योगको प्रविधिसँग जोड्ने व्यवस्था मिलाईनेछ। नवप्रवर्तन प्रोत्साहनका लागि इन्कुवेशन सेन्टर र एक्सिलेरेशन सेन्टर स्थापना तथा विद्यमान अनुसन्धान केन्द्रको सुदृढीकरण गरी संचालन गरिनेछ।

- **समावेशी शिक्षा**: सबै बालबालिकालाई सामाजिक सुरक्षाको घेरामा ल्याई शिक्षा र स्वास्थ्य निःशुल्क गर्ने व्यवस्था मिलाईनेछ । साथै सबै प्रकारका अपाङ्गता भएका बालबालिकालाई ब्रेल लिपिमा अध्ययनको अवसर जस्ता विभिन्न आधुनिक शिक्षण विधिबाट शिक्षामा पहुँच सुनिश्चित गरी उद्यमशीलता विकास गरिनेछ । गरीव विद्यार्थीलाई शिक्षामा पहुँच बढाउन छात्रवृत्ति प्रदान तथा विद्यालय सिकाई निरन्तरतामा अभिवृद्धि गर्न दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

- **शैक्षिक सुशासन अभिवृद्धि**: शिक्षक प्रशिक्षण कार्यक्रम, विद्यार्थी सिकाइ उपलब्धी परीक्षणका आधारमा दण्ड र पुरस्कारको व्यवस्था, शैक्षिक संस्थाको कार्यसम्पादन परीक्षण र सुपरिवेक्षण संयन्त्रलगायतका प्रबन्ध गरी प्रविधियुक्त सेवा प्रवाहमार्फत् शैक्षिक सुशासनलाई केन्द्रविन्दुमा राखिनेछ ।

- **त्रिभाषिक नीति**: प्राथमिकस्तरका विद्यालयमा स्थानीय भाषिक वहुलताको आधारमा त्रिभाषिक (मातृ भाषा, नेपाली भाषा र अन्तर्राष्ट्रिय भाषा) नीति अवलम्बन गरिनेछ ।

९.९ **स्वस्थ नेपाली, स्वास्थ्यमा लगानी**:

- **सेवामा पहुँच र गुणस्तर सुधार**: आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क गरी गुणस्तरीय, समतामूलक र सर्वव्यापी पहुँचको सुनिश्चितता गरिनेछ । शतप्रतिशत जनसंख्यालाई प्राथमिक स्वास्थ्य सेवासम्म पहुँच बढाएर ५०० मोबाइल क्लिनिक सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

- **स्वास्थ्य बिमा कार्यक्रम पुनर्संरचना**: सबै नागरिकलाई बीमा कार्यक्रममा अनिवार्य सहभागी गराई स्वास्थ्य सेवा निःशुल्क हुने व्यवस्था गरिने छ ।

- **सेवा विस्तार**: सबै प्रदेशमा प्रेषण अस्पताल, जिल्लास्तरका अस्पतालबाट विशेषज्ञ सेवा प्रदान गर्ने गरी स्तरोन्नति र स्थानीय तहहरूमा सेवाग्राहीको चाप अनुसार नक्साङ्कन गरी पूर्वाधार निर्माण तथा संस्थागत पुनःसंरचना गरिनेछ । प्रत्येक नागरिकको वार्षिक स्वास्थ्य परीक्षणका साथै प्रत्येक स्थानीय तहमा आयुर्वेदिक तथा होमियोप्याथिक सेवा विस्तार गरिनेछ ।

- **निरोगी नेपाली अभियानः** सर्वसुलभ र प्रतिरोधात्मक स्वास्थ्य सेवा, स्वस्थ जीवनशैली प्रवर्द्धन, प्राकृतिक तथा वैकल्पिक चिकित्सा प्रणालीको आधुनिकीकरण, स्वच्छ वातावरण सुनिश्चितता, स्वास्थ्य प्रविधिको उपयोग र सबै तहका सरकारबीच समन्वयात्मक तवरबाट समग्र जनस्वास्थ्यमा सुधार गरिनेछ।

- **सरूवा रोग नियन्त्रण र पोषणः** पाँच वर्षमा ९५ प्रतिशत कभरेज बढाएर १०० प्रतिशत खोप लक्ष्य हासिल गर्ने, ५०० द्रुत प्रतिकार्य टोली गठन गरिनेछ। ५ वर्षमुनिका बालबालिकामा स्टन्टिङ (पुड्कोपन) २० प्रतिशत घटाउने, १० लाख बालबालिकालाई पोषण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

- **उच्च शिशु तथा मातृ मृत्युदर नियन्त्रणः** मातृ तथा शिशु मृत्यूदरः MR १००/१००,००० र IMR २०/१००० मा झार्ने व्यवस्था गरी ७५३ स्थानीय तहमा निःशुल्क प्रसूतिसेवा दिने व्यवस्था मिलाईनेछ।

- **चिकित्सक तथा स्वास्थ्यकर्मीको उपलब्धताः** पाँच वर्षमा १० हजार स्वास्थ्यकर्मी भर्ना गर्ने व्यवस्था मिलाएर १०० प्रतिशत दरबन्दी पूर्ति गरी प्रदेश विकेन्द्रीकरण गर्ने व्यवस्था मिलाईनेछ।

- **स्वास्थ्य संस्थामा उपकरण/औषधि उपलब्धताः** पाँच वर्षमा ७५३ प्राथमिक स्वास्थ्य कार्यालयमा पूर्ण औषधिलगायत उपकरण पारदर्शी खरिद व्यवस्था मिलाईनेछ। देशभित्र खपत हुने औषधि र औषधिजन्य सामग्री र खोपको उत्पादनमा आत्मनिर्भर भै बजार व्यवस्थापन गरिनेछ।

- **नसर्ने रोग र मानसिक स्वास्थ्य समस्या व्यवस्थापनः** ५० प्रतिशत प्राथमिक स्वास्थ्यमा नसर्ने रोग, स्क्रिनिङ्ग, १ करोड स्क्रिनिङ, डिजिटल स्वास्थ्य एकीकरण गर्ने व्यवस्था मिलाईनेछ। सातै प्रदेशमा १०० मानसिक स्वास्थ्य क्लिनिक, १० लाख बिरामीलाई सेवा दिने अभियान सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

- **निरोधात्मक स्वास्थ्य सेवा र स्वास्थ्य पर्यटनः** आरोग्य केन्द्र स्थापना, योग, ध्यानलगायतका विधिबाट निरोधात्मक स्वास्थ्य सेवा प्रवर्द्धन गरिनेछ। आरोग्य पर्यटन, आँखा उपचार सेवा, चिकित्सा शिक्षा, प्राकृतिक चिकित्सा, आयुर्वेद

सेवालगायतका नेपालको विशिष्टिकृत क्षेत्रको प्रवर्द्धनमार्फत् स्वास्थ्य पर्यटनको विकास गरिनेछ ।

९.१० **पूँजी बजार विकास र सार्वजनिक संस्थानको सुधार**

- पूँजी बजारमा ऊर्जा, पर्यटन र उद्योगमा सहभागिता बढाई राष्ट्रिय पूँजी जुटाउन सहज बनाईनेछ ।
- सार्वजनिक संस्थानलाई स्थानीय तहको सक्रियतामा सार्वजनिक-निजी साझेदारीमा सञ्चालनमा ल्याईनेछ ।
- पुँजीबजारमैत्री विशेष कानुन निर्माण गरेर विधिको शासन स्थापना गरी अन्तर्राष्ट्रिय लगानीकर्तालाई भित्र्याउन पहल गरिनेछ ।

९.११ **पूर्वाधार विकास र शहरीकरण**

- **सार्वजनिक यातायात**ः शहरी क्षेत्रमा सार्वजनिक यातायात नीति कार्यान्वयन गरिनेछ । पूर्व-पश्चिम राजमार्ग, उत्तर-दक्षिण मार्ग, नदी करिडोर, सुरूङ मार्गलगायतका यातायात संजाल मार्फत शहरी विकासको आधार तयार गरिनेछ ।
- **यातायात अभियान**ः सार्वजानिक-निजी साझेदारीमा टनेल, पुल, एक्प्रेस वे, फ्लाई ओभरलगायतका भौतिक संरचना निर्माण अभियान चलाईनेछ । केवलकार, ट्रलीबस, मोनोरेल लगायतका वैकल्पिक यातायातमा सार्वजनिक निजी साझेदारी प्रोत्साहन गर्ने अभियान चलाइनेछ ।
- **साइकल क्रान्ति र सेवामूलक यातायात**ः दीर्घकालीन योजनासहित देशका मुख्य शहरी क्षेत्रमा सुरक्षित साइकल लेन निर्माण गर्दै पदयात्रा र साइक्लिङ संस्कृति प्रवर्द्धन गरिनेछ । साथै यातायात मजदुरदेखि सडक सफाईकर्मीहरूको सेवालाई मर्यादित, सम्मानजनक र सेवामूलक बनाई सडकमा सभ्य यातायात संस्कृति स्थापना गरिनेछ ।

९.१२ **सडक र पूर्वाधार**ः राष्ट्रिय राजमार्ग, रणनीतिक सडक र फिडर सडकलगायत गरी माटे सडक ३,७७३ किमी, ग्राभेल सडक १,४८८ किमी र कालोपत्रे सडक ९,९१६

किमी रहेको छ। सडक मार्गलाई गुणस्तरीय र सुरक्षित बनाई आम नागरिकसम्म सडकको सर्वसुलभ सुविधा पुर्याउन निम्नानुसार काम गरिनेछ :

- आगामी पाँच वर्षभित्र ८,००० किमी कालोपत्रे, ४,००० किमी ग्राभेल र ३,००० किमी नयाँ ट्र्याकिङको काम सम्पन्न गरिनेछ।
- रणनीतिक सडक, सुरूङमार्ग र पुलहरूलाई सार्वजनिक-निजी साझेदारीमा समेत निर्माण तथा सञ्चालन गरिनेछ।
- काठमाडौं-निजगढ फास्टट्र्याक सडक सम्पन्न गरिनेछ। पूर्व-पश्चिम ४ लेन सडक निर्माण विस्तार कार्य सम्पन्न गरिनेछ। मध्यपहाडी तथा हुलाकी राजमार्ग निर्माण कार्य सम्पन्न गरिनेछ।
- कोशी राजमार्ग, गल्छी-रसुवागढी, कालीगण्डकी करिडोर, कर्णाली र सेती करिडोर सडक आयोजनाहरू सम्पन्न गरिनेछन्।
- पूर्व-पश्चिम इलेक्ट्रिक रेलवेको विस्तृत अध्ययन पूरा गरी लगानीको मोडालिटि तयार गरिनेछ।
- रक्सौल-काठमाडौं र केरुङ-काठमाडौं रेलवे मार्गको विस्तृत अध्ययन पूरा गरी लगानीको मोडालिटी तयार गरिनेछ।
- जल यातायातसम्बन्धी कानुन तर्जुमा गरी गण्डकी, कोशी र कर्णाली नदीहरूमा जलमार्गको सम्भावना अध्ययन गरी सम्भावित क्षेत्रमा जल यातायात सञ्चालनमा ल्याइनेछ।
- काठमाडौं-मुग्लिङ र मुग्लिङ-पोखरा २/४/६ लेन सडक निर्माण सम्पन्न गरिनेछ।
- पोखरा-बुटवल द्रुतमार्गको विस्तार तथा निर्माणका लागि अध्ययन पूरागरी कार्य अघि बढाइनेछ।
- राजमार्ग र शहरी क्षेत्रका सडकहरू द्रुत गतिमा मर्मत गर्न प्रमुख सहरहरूमा रोड एम्बुलेन्सको व्यवस्था गरिनेछ।

९.१३ **सिंचाईः** नेपालमा कुल ३५ लाख ५७ हजार हेक्टर कृषियोग्य जमिनमध्ये कुल २५ लाख ३६ हजार हेक्टर जमिन सिंचाई योग्य रहेको छ। सिंचाई क्षेत्रमा हामीले गर्ने कामको प्रतिबद्धता निम्नानुसार छन्ः

- निर्माणाधीन राष्ट्रिय गौरवका सिंचाई आयोजनाहरू (सद्रनकोसी-मरिन डाइभर्सन, भेरी-बबई डाइभर्सन, रानी-जमरा-गुलरिया, बबई, सिक्टा, महाकाली सिंचाई आयोजना) पाँच वर्षभित्र सम्पन्न गरी थप ३ लाख हेक्टर जमिनमा सतह सिंचाई पुर्याइनेछ।
- तराई-मधेश क्षेत्रमा सिंचाई नपुगेका ३ लाख हेक्टर कृषियोग्य पकेट क्षेत्रहरूमा क्लस्टरमा आधारित स्यालो तथा डिप ट्यूबवेल सिंचाई सुविधा पुर्याइनेछ।
- ५ वर्षभित्र हिमाल तथा पहाडका करिब २ लाख हेक्टर कृषियोग्य जमिनमा ऊर्जाको प्रविधिबाट पानी लिफ्ट गरी वर्षैभरि दिगो र भरपर्दो सिंचाई सुविधा पुर्याइनेछ।
- हाल सञ्चालनमा रहेका सिंचाई प्रणालीहरूलाई प्रभावकारी व्यवस्थापन गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ।
- एकीकृत ऊर्जा तथा सिंचाई विशेष कार्यक्रम अन्तर्गत, राप्ती-कपिलवस्तु (नौमुरे), कालिगण्डकी-तिनाउ, सुनकोसी-तावा (कमला), र तमोर-चिसाङ डाइभर्सन जस्ता बहुउद्देश्यीय आयोजनाहरूको विस्तृत अध्ययन पूरा गरी निर्माणमा तीव्रता दिइनेछ।
- बहुउद्देश्यीय सिंचाई आयोजनाहरूको विद्युत् गृहलाई स्थानीय सर्वसाधारणको समेत शेयर रहने गरी कम्पनीमार्फत सञ्चालन गरिनेछ। कम्पनीलाई प्राप्त हुने मुनाफा सिंचाई प्रणाली सञ्चालनका लागि खर्च गरिनेछ।

९.१४ **डिजिटल नविनता, कानूनी सहजता र विपद् जोखिम न्यूनिकरण**

- **डिजिटल इकोसिस्टम र सुशासनको आधारः** सार्वजनिक सेवालाई छरितो, पारदर्शी र भरपर्दो बनाउन सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा समग्र डिजिटल इकोसिस्टम निर्माण गरी विभिन्न प्रणालीबीच अन्तरआवद्धता कायम गरिनेछ।

राज्य र नागरिकका विवरण सुरक्षित राख्दै एकद्वार डिजिटल प्रणालीबाट तथ्याङ्क व्यवस्थापन गरी योजना निर्माणदेखि सेवा प्रवाहसम्म प्रमाणमा आधारित निर्णय लिईनेछ। तीनै तहका सरकारका कार्यालयमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू गरी समयमै कार्यसम्पादन सुनिश्चित गरिनेछ।

- **इ–कमर्स र डिजिटल उद्यमशीलताको विस्तार**ः सामाजिक सञ्जाललाई नैतिक, सुरक्षित र मानवकेन्द्रित बनाउँदै इ-कमर्स् प्रवर्द्धन गरिनेछ। डिजिटल नेपाल फ्रेमवर्कलाई शिक्षा, स्वास्थ्य, पर्यटनसँग आवद्ध गर्दै जेन-जी स्टार्टअप कार्यक्रम देशव्यापी सञ्चालन गरिनेछ।

- **साईबर सुरक्षा र भ्रष्टाचार नियन्त्रण**ः सूचना प्रविधि पूर्वाधार विस्तारसँगै विद्युतीय तथ्याङ्कको उच्च सुरक्षा सुनिश्चित गरिनेछ । विद्युतीय अपराध नियन्त्रणमा बलियो कानूनी-संस्थागत संरचना र सुरक्षित साइबर स्पेस निर्माण गरिनेछ । भ्रष्टाचारविरूद्ध ब्लकचेनजस्ता प्रविधि उपयोग गरी नेपाललाई विश्वको न्यून भ्रष्टाचार सूचीको ५० औं स्थानमा ल्याईनेछ।

- **एआई र नवप्रवर्तनको इन्जिन**ः कृत्रिम बौद्धिकतालाई समृद्धिको वाहक बनाउन साक्षरता अभिवृद्धि, प्रदेशस्तरीय एक्सिलेन्स सेन्टर, जनशक्ति विकास र कानूनी संरचना निर्माण गरिनेछ। सूचना प्रविधि दक्ष जनशक्ति उत्पादन गरी ज्ञान-आधारित समाज र आउटसोर्सिङ/इ-कमर्सलाई रोजगारीको माध्यम बनाईनेछ। साथै नेपालको प्राकृतिक-सांस्कृतिक सम्पदालाई चलचित्रलगायत वृत्तचित्र छायाङ्कन गन्तव्य बनाईनेछ। सुरक्षा मुद्रणलाई व्यवस्थित गरी नागरिकता, राहदानी लगायतका सेवा देशभित्रै उपलब्ध गराईनेछ।

- **बिपद् जोखिम न्यूनीकरण**ः भूकम्पलगायत सबै प्रकारका विपद्लाई मध्यनजर गर्दै जोखिम-सूचित विकासको अवधारणा आत्मसात गरि भवनसंहिता कडाइका साथ लागू गरिनेछ। विभिन्न बिपद्का कारण आवास गुमाएकाहरुका लागि यथाशिघ्र आवाससहितको पुनःस्थापना गरिने छ। समुदायलाई सशक्तिकरण गर्दै पूर्वसूचना प्रणाली समयमानै सबैसम्म पुग्ने व्यवस्था गरिनेछ। जलवायु अनुकूलित हरित पूर्वाधारमार्फत विपद् पूर्वतयारीलाई योजनाबद्ध, प्रभावकारी र दिगो बनाइनेछ। साथै सबै नागरिकका लागि विपद् बिमा सुनिश्चित गरिनेछ।

**९.१५ उद्योग तथा व्यापार**ः उज्यालो नेपाल पार्टीले स्थानीय तथा राष्ट्रिय उद्योग क्षेत्रको तीव्र विकासका लागि सार्वजनिक-निजी साझेदारी, विशेष आर्थिक क्षेत्र निर्माण, नेपाली उत्पादनको ब्रान्डिङ र विश्व बजार विस्तारलाई प्राथमिकता दिनेछ। साथै रसुवागढी, रक्सौल र भैरहवाबाट भन्सार सुविधा विस्तार, कर छुट, ई-कमर्स र निर्यात प्रवर्द्धन गरी घाटामा सञ्चालित उद्योगहरूलाई सार्वजनिक नीजि साझेदारीका माध्यमबाट पुनर्जीवित गर्दै रोजगारी सिर्जना गरिनेछ । उद्योग व्यापार क्षेत्रलाई प्रभावकारी बनाई बलियो अर्थतन्त्रको आधार बनाइने छ।

- स्थानीय तथा राष्ट्रिय उद्योग क्षेत्रको तीव्र विकासलाई प्राथमिकता दिइनेछ!
- सार्वजनिक-निजी साझेदारी (पीपीपी) तथा राष्ट्रिय व्यापारिक क्रियाकलापलाई प्रवर्द्धन गरिनेछ!
- उद्योग स्थापना, विकास र विशेष आर्थिक क्षेत्र (SEZ) सञ्चालनका लागि नीतिगत सुधार गरिनेछ!
- नेपाली उत्पादनको ब्रान्डिङ र बजार विस्तार गरिनेछ!
- दोधारा-चांदनी सुख्खा बन्दरगाहा, रसुवागढी, रक्सौल र भैरहवालगायतका भंसार बिन्दुहरु सञ्चालनमा ल्याएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्यापार प्रवर्द्धन गरिनेछ!
- एकद्वार प्रणालीमार्फत सहजता, कर छुट, लगानी प्रोत्साहन प्रदान गरिनेछ!
- ई-कमर्स र निर्यात मेलामार्फत नेपाली उत्पादनलाई विश्व बजारमा पुऱ्याउने व्यवस्था गरिनेछ!
- घाटामा सञ्चालित उद्योगहरू (उदयपुर र हेटौंडा सिमेन्ट, गोरखकाली रबर र बुटवल धागो उद्योग आदि) लाई पीपीपी मोडेलमा पुनःसंञ्चालन गरी रोजगारी सिर्जना गरिनेछ।
- आपूर्ति श्रृंखलालाई निर्वाध राख्न रोड एम्बुलेन्स तथा डिजिटल मर्मत ट्र्याकिङ गर्ने व्यवस्था मिलाइनेछ। साथै प्रमुख राजमार्गमा सुरुङ निर्माणलाई प्राथमिकता दिएर प्रमुख सहरसम्मको दुरीलाई छोट्याइनेछ।

९.१६ **उत्पादनको ब्रान्डीङ र बजारीकरण**

- सगरमाथा लगायत हिमाली श्रृंखलाबाट उत्पादित पानीलाई ब्रान्डीङ र बजारीकरण गरि संसारभर निर्यात गरिनेछ।
- स्थानीय स्तरमा उत्पादन हुने मदिरालाई ब्रान्डीङ गरि विश्व बजारमा निर्यात गरिनेछ।
- आवश्यक कानुनी व्यवस्था गरी उच्च कोटीको गाँजाको उत्पादन गरी गाँजाबाट उत्पादित तेललगायत निर्यात गर्ने व्यवस्था मिलाइनेछ।

## १०. गैरआवासीय नेपाली र नागरिक हित संरक्षण

१०.१ **गैरआवासीय नेपालीको अधिकार**: संघीय र स्थानीय तहको निर्वाचनमा विदेशमा बसोवास गरिरहेका नेपालीलाई मताधिकार दिन २ वर्षभित्र दूतावासमार्फत् मतदान केन्द्र राख्ने वा अन्य तरिकाबाट मतदान गर्ने कानुनी व्यवस्था गरिनेछ।

१०.२ **जेष्ठ नागरिक सम्मान**: पारिवारिक असहयोगबाट पीडित जेष्ठ नागरिकहरूको जीवनरक्षा, बसोबास र स्याहारका लागि जीवन भोगाई घरको व्यवस्था गरिनेछ।

१०.३ **नागरिक हित कार्यक्रम**: परिवारको मुख्य आम्दानी स्रोत व्यक्ति दुर्घटना, विपद् वा अन्य आकस्मिक कारणले मृत्यु वा असक्षम भएमा आश्रित परिवारको अवस्था मूल्यांकन गरी शिक्षा, स्वास्थ्य र जीविकोपार्जनका न्यूनतम आवश्यकता पूरा हुने परिवार संरक्षण प्याकेज लागू गरिनेछ। साथै विषादी रहित र सुरक्षित खाद्य सुनिश्चित गर्न प्रत्यक जिल्लामा खाद्य परीक्षण प्रयोगशाला स्थापना गरिनेछ।

## ११. मनोरञ्जन क्षेत्र र खेलकूद

११.१ **चलचित्र क्षेत्र**

- चलचित्र क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त स्वायत्त चलचित्र बोर्ड मार्फत पारदर्शी र परिणाममुखी बनाइनेछ, र क्षमतामा आधारित अवसर सुनिश्चित गरिनेछ।

- चलचित्रलाई औद्योगिक मान्यता दिई सहुलियत ऋण, कलाकार तथा प्राविधिकको सामाजिक सुरक्षा, र पाइरेसी तथा श्रम शोषणविरूद्ध कडा व्यवस्था लागू गरिनेछ।
- फिल्म सिटी र आधुनिक प्राविधिक पूर्वाधार विकास गरिनेछ, मौलिक नेपाली कथाको संरक्षण र प्रवर्द्धनका साथै अन्तर्राष्ट्रिय बजार विस्तार गरिनेछ।

११.२ **खेलकुद**

- त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदान, पोखरा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, नारायणी क्रिकेट मैदान, गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशाला, एक्स्ट्राटेक ओभल, मुलपानी क्रिकेट स्टेडियम, गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, देउखुरी अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियम, १९०७ एरिना क्रिकेट स्टेडियम र फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान जस्ता निर्माणाधीन वा पहिले नै निर्माण भइसकेका क्रिकेट स्टेडियमहरू आगामी दिनमा पूर्ण रूपमा सम्पन्न गरिने वा आवश्यक सुधार तथा स्तरोन्नति गरिनेछ। सातै प्रदेशमा कम्तिमा एउटा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण कार्य अगाडि बढाइनेछ।
- हरेक प्रदेशमा फुटबल, भलिबललगायतका खेलहरूको लागि आवस्यक पूर्वाधार निर्माण गरिनेछ।
- क्रिकेट, फुटवललगायतका खेलकुदलाई देशको आर्थिक समृद्धिसँग जोडेर विकास गरिनेछ।

## हाम्रो आव्हान

- संसारभरका नेपालीहरू उज्यालो नेपालको अभियानमा सहभागी बनौं !
- आफ्नो भूमिका आफैं छानौंः स्थानीयदेखि राष्ट्रिय तहसम्म नेतृत्व गरी योगदान दिऔं ।
- सत्यनिष्ठा र इमानदार नेपालीहरूलाई स्वागत छः आफ्नो सपनालाई वास्तविकतामा परिणत गरौं ।
- इमानदार जनप्रतिनिधि, पुराना दलमा किनारामा परेका इमानदार व्यक्तिहरू र सामाजिक अभियानकर्तालाई सशक्त सहभागी बढाउँदै राष्ट्र निर्माणमा सहभागी बनौं ।
- मेधावी तथा उत्साही युवा पुस्ताले आफ्नो योग्यता, रुची र क्षमता अनुसार नेतृत्व लिऔं ।
- गुगलले पनि चिनेको भूगोलल पनि चिनेको नेतृत्वमा राष्ट्र निर्माणको अभियानमा सहभागी बनौं ।
- उज्यालो नेपाल पार्टीसँग मिलेर अन्धकारको अन्त्य गरौं !

## उज्यालो नेपाल पार्टीका नाराहरू

गफ होइन काम, भाषण होइन परिणाम !
परिवर्तनको लागि उज्यालो नेपाल !
चुपचाप चिममा छाप !
सवल नेतृत्व, अब्बल नतिजा !
उज्यालो नेपाल, उज्यालो भविष्य !
लोडसेडिङ हटायो जसले, देश चलाउँछ उसैले !
भ्रष्टाचारको अन्त्य, विकासको सुरुवात !
ऊर्जाबाट समृद्धि, नेतृत्वबाट विश्वास !
जेनजीको आवाज, उज्यालो नेपालको आधार !
गाउँगाउँमा २४ घण्टा उज्यालो, हरेक वडामा इन्टरनेटको जालो !

## उज्यालो नेपाल पार्टीको निर्वाचन प्रतिबद्धताप्रति हाम्रो जवाफदेहिता

हामीले सार्वजनिक गरेको यो निर्वाचन प्रतिबद्धता-पत्रमा उल्लेखित हरेक प्रतिवद्धता पूरा गर्न पूर्ण प्रतिबद्ध छौं । हाम्रो सरकार गठन भएपछि हरेक वर्ष प्रतिबद्धता कार्यान्वयनको प्रगति प्रतिवेदन सार्वजनिक गर्नेछौं । यसबाट तपाईं मतदाताले हाम्रो कामको प्रत्यक्ष मूल्यांकन गर्न सक्नुहुनेछ। हामीलाई अमूल्य मत दिएर जिताउनुहोस् र हाम्रो जवाफदेहिताको परख गर्नुहोस् ।

अन्तमा, हामीलाई तपाईंको अमूल्य मत चाहिन्छ। हामी गरेर देखाउँछौं–यसका लागि हामीसँग उत्कृष्ट नेतृत्व छ र असल, ऊर्जाशील व्यक्तिहरू यो पार्टीमा जोडिनु भएको छ। त्यसैले उज्यालो नेपाल पार्टीलाई प्रत्यक्षतर्फ बलिरहेको चिम चुनाव चिन्हमा र समानुपातिकतर्फ बाँसुरी चिन्हमा मत दिएर हामीलाई तपाईंको सेवक बनेर काम गर्ने अवसर दिनुहोस्, धन्यवाद !



उज्यालो नेपाल पार्टीको तर्फबाट
प्रस्तावित प्रधानमन्त्रीको उम्मेदवार
**कुलमान घिसिङ**

# उज्यालो नेपाल पार्टी

केन्द्रीय कार्यालय- त्रिपुरेश्वर, काठमाडौं, नेपाल
फोनः +977-9744484444, वेभसाईटः www.unp.org.np
ईमेलः info@unp.org.np

## सुशासन, समृद्धि र सामाजिक न्यायका लागि

प्रत्यक्ष तर्फ बलेको चिम चिन्हमा तथा
समानुपातिक तर्फ बाँसुरी चिन्हमा छाप लगाऔं,
उज्यालो नेपाल पार्टीलाई स्पष्ट बहुमत दिलाऔं ।

मुद्रकः म्हेन्दो डिजाइन एण्ड प्रिन्ट हाउस प्रा.लि.